अनुशासन र नैतिकताविहीन व्यक्ति र समाज अन्ततगोत्वा पतन भएर जान्छन्, त्यसैलै राष्ट्रिय जीवनमा हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्नुपर्छ । त्यसको शुरुवात आँफैबाट गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ५२ ○श्रेणी 'क' ○२०७३ मंसिर ५ गते आइतबार ○ 20 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## संविधान संशोधनका लागि राजनीतिक स्पष्टता आवश्यक–महामन्त्री कोइराला




✍गोल्डेन न्यूज संवाददाता
पोखरा ४ मंसिर ।

नेपाली कांग्रेसका महामन्त्री डा. सशांक कोइरालाले पार्टीलाई एकढिक्का बनाउन आफू प्रतिवद्ध रहेको बताएका छन् । प्रजातान्त्रिक विचार समाज कास्कीले शनिबार पोखरामा आयोजना गरेको नयाँ संविधान संशोधनका वर्तमान प्रयास र चुनौती विषयक विचार गोष्ठीलाई संवोधन गर्दै महामन्त्री कोइरालाले उक्त कुरा बताएका हुन् । उनले भने-'म कांग्रेसलाई एक ढिक्का बनाउन प्रतिवद्ध छु र त्यही अनुसार प्रयास गर्नेछु । तर मेरो प्रयासलाई कांग्रेसका नेता कार्यकर्ताले मात्र नभई आम प्रजातन्त्रवादीले समेत साथ दिनुहुनेछ भन्ने विश्वास छ।'

महामन्त्री कोइरालाले नेपाली कांग्रेसले सबैको मियो बनेर राष्ट्रलाई बचाउने जिम्मेवारी बोकेको बताए । यसै प्रसङ्गमा उनले भने-'मैले पार्टी सभापति शेरबहादुर देउवालाई प्रमुख तीन दल र मधेशवादी दलसंग बसेर संविधानको कार्यान्वयन र निर्वाचनको वातावरण तयार गर्न भूमिका खेल्न आग्रह गरेको छु ।'

अमेरिकामा २५० वर्ष अघि ५५ जनाले ६ महिना समय लगाएर बनेको संविधान पटक-पटक संशोधन भएर पनि हालसम्म चलिरहेको र भारतमा करिब ७५ वर्ष पहिले बनेको संविधानमा १४० बुँदा परिवर्तन भएको प्रसङ्ग उल्लेख गर्दै नेता कोइरालाले नेपालको संविधान संशोधनका लागि राजनीतिक स्पष्टता आवश्यक रहेको बताए । उनले छोटो समयमा तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व कांग्रेस लगायतका पार्टीसंग रहेको र निर्वाचन हुन नसके संविधान कार्यान्वयन हुन नसक्ने दावी गरे ।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष डा. केदारनरसिंह केसीले कांग्रेसले पटक-पटकको आन्दोलनको नेतृत्व गरेको भएपनि त्यस अनुसारको संस्कार र संस्कृति देखाउन नसकेको बताए । उनले पटक-पटक कांग्रेसभित्र गुट र विभाजन देखिनुले आम प्रजातन्त्रवादी उत्साहित हुन नसकेको भन्दै गुटको राजनीतिलाई त्याग्न कांग्रेस नेतृत्व समक्ष आग्रह गरे । कांग्रेस महामन्त्री डा. कोइरालाप्रति लक्षित गर्दै उनले भने-'तपाइँ विपि कोइरालाको पुत्र, बाबुको विडो छोराले धान्नुपर्छ भन्ने चलन नेपाली समाजमा रहेको छ। त्यसैले तपाइँले बुबाको जिम्मेवारी सम्हाल्न सक्नुपर्छ । यदि नसक्ने भए छोड्नुपर्छ ।' उनले समाजका सबै सदस्यहरुलाई कांग्रेसको गुटको पछि लाग्न भन्दा सही विचार बोकेर अघि बढ्न आग्रह समेत गरे ।

समाजका वरिष्ठ उपाध्यक्ष कुलचन्द्र वाग्लेले अहिले कांग्रेस भित्रको गुट-उपगुट नै आम प्रजातन्त्रवादीका लागि हानीकारक बनेको भन्दै गुट-उपगुटकै कारण कांग्रेसभित्र समान धारणा बनाउन समस्या परेको बताए । उनले भौतिक र शारीरिक रुपमामात्र समावेशीकरणको कुरा गर्नुभन्दा वौद्धिक रुपमा गर्नुपर्ने र तराई-पहाडलाई संग-संगै चल्न दिने खालको भावना विकास गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका नेता देवराज चालिसेले अहिले नेपाली कांग्रेसभित्र विचारको खडेरी परेको जस्तो देखिएको भन्दै विपिको विचारलाई बोकेर समयानुकुल अघि बढ्न कांग्रेस नेतृत्व तयार हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा डा. विपिन अधिकारीले नयाँ संविधान संशोधनको प्रयास र समस्याहरु विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । उनले कार्यपत्रमार्फत सीमाङ्कन हेरफेरबारे विकल्प, नेपालको संविधान (दोस्रो संशोधन) विधेयक २०७३ को मस्यौदा, निर्वाचन सम्बन्धी संसदमा प्रस्तुत भएको तीन विधेयक र स्थानीय तह पुनर्संरचनाको मापदण्ड के हो भन्ने विषयमा विस्तृत व्याख्या गरेका छन् ।

प्रजातान्त्रिक विचार समाज कास्कीका अध्यक्ष डा. गिरीधारी शर्माको अध्यक्षतामा भएको कार्यक्रममा समाजका महासचिव गोकर्ण अर्याल, सचिव वासुदेव भण्डारी, केन्द्रीय सदस्य वीरुबहादुर कार्की, सांसदद्वय शारदा पौडेल र वृन्दा राना, नेपाली कांग्रेस कास्कीका उपाध्यक्ष हरि आचार्य, कोषाध्यक्ष लक्ष्मी पाण्डे क्षेत्री, कांग्रेस नेता निर्मल कर्माचार्य, नेपाल शिक्षक संघका उपाध्यक्ष किशोरदत्त बराल र समाजका उपाध्यक्ष विन्दु पौडेल, सचिव तुलसी प्रवास लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाज कास्कीले प्रकाशन गरेको 'विचार प्रवाह' को कांग्रेस महामन्त्री डा. कोइरालाले लोकार्पण गरेका थिए भने समाजको आजीवन सदस्य बन्ने र आर्थिक सहयोग गर्नेहरुलाई सम्मान गरिएको थियो ।

## 'फेवाताल जोगाउन उपयुक्त नीति आवश्यक'

पोखरा ४ मंसिर ।



वातावरणीय एवम् मानवीय अतिक्रमणको चपेटामा परेको फेवातालको संरक्षणका लागि स्थानीय बासिन्दालाई सक्रिय बनाउने खालको नीतिको आवश्यकता रहेको आयोजित एक कार्यक्रमका वक्ताहरुले औंल्याएका छन् ।

नेपाल वातावरण पत्रकार समूहको आयोजना तथा हरियो वन कार्यक्रमको आर्थिक सहयोगमा पोखरामा आयोजित कार्यशाला गोष्ठीका सहभागीले फेवातालका बारेमा चिन्ता व्यक्त गरेका हुन् ।

जलवायुमा आएको परिवर्तन सँगै हुने खण्ड र अतिवृष्टिका कारण उपल्लो तटीय क्षेत्रबाट बर्सेनि एक लाख ८० हजार घनमिटर सिल्टेसन( बालुवा) तालमा भरिने र यही क्रम रहेमा फेवातालको आयु १९० वर्षमात्र रहेको एक तथ्याङ्कले देखाएको छ । फेवाताल क्षेत्र वरिपरि वार्षिक पाँच अर्ब रुपैयाँको कारोबार हुने गरेको बताउँदै कार्यक्रमका वक्ताले सो रकमको दुई प्रतिशत मात्र संरक्षणका लागि छुट्याए वार्षिक ६ करोड रुपैयाँ जम्मा हुने बताए । पृथ्वीनारायण क्याम्पसका प्रा डा देवेन्द्रबहादुर लामिछानेले घरभित्रको प्रदूषण नियन्त्रण व्यक्तिले गरेपनि प्रकृतिमा हुने वातावरणीय प्रदूर्षण नियन्त्रणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरबाट पहल गरिनुपर्ने बताए।

वरिष्ठ पत्रकार राजेन्द्र दाहालले समाचार सम्प्रेषणमा सत्यतथ्यको खाँचो रहेको र फेवातालको दोहन मात्र नभई त्यसको संरक्षणका लागि पनि स्थानीयवासीको सहयोग जुटाउन सञ्चारकर्मीले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए। नेपाल वातावरण पत्रकार समूहका कार्यकारी निर्देशक लक्ष्मण उप्रेतीले भौतिक विकासका साथसाथै वातावरण संरक्षणलाई भुल्न नहुने बताए । भूगोलविद् प्रा.डा कृष्ण केसीले फेवातालको संरक्षण र विकासमा करोडौ रुपैयाँ खर्च भइसकेको भएपनि खासै उपलब्धि प्राप्त हुन नसकेको जानकारी दिँदै कुनै पनि विकास निर्माणमा एकद्वार प्रणालीको खाँचो औंल्याए ।

क्षेत्रीय वन कार्यालयका उपनिर्देशक राजेन्द्रमानसिंह भण्डारीले सरकारको सही नीतिका कारण नेपालमा समुदायिक वनको अवधारणा सफल भएको तथा वातावरण र प्राकृतिक स्रोतको संरक्षणमा सामूहिकताको खाँचो रहेको बताए । रासस

## सिटी रेवान महोत्सवमा दर्शक बढ्दै

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ४ मंसिर ।

पोखरामा जारी पाँचौ सिटि रेवान महोत्सव तथा फुड् फिष्टिबलमा दर्शकको सहभागीता बढदो । महोत्सवको शनिबार सम्म २० हजार दर्शकले अवलोकन गरेका छन् । अन्य दिन भन्दा शनिबार दर्शकको भीड लागेको थियो । पोखरा रगशालामा जारी महोत्सवमा दर्शकको ध्यान न्याना कपडा तर्फ गएको छ । जाडोको सुरुवातसंगै आयोजना गरिएको महोत्सवमा दर्शकलहरुका भिड जाडोका लागी आवश्यक कपडा किन्न देखिएको छ ।

महोत्सवमा राष्ट्रिय कलाकारहरुको प्रस्तुतीले दर्शकलाई मनोरञ्जन प्रदान गरेको छ । दैनिक राजधानीबाट आउने एक जना कलाकार र स्थायिन कलाकारहरुको प्रस्तुतीमा दर्शकहरु मस्त हुने गरेका छन् । शनिबार हट र सेक्सी ज्योती मगरले पोखरेलीलाई नचाईन । सेतो जामा र अनि कालो ज्याकेटमा इस्टेज उत्रेकी ज्योतीले आधा दर्जन गीतमा दर्शकलाई मनोरञ्जन प्रदान गरिन् । उनको प्रस्तुतीले साँझपखको बढदो जाडोमा गर्मीको महसुस दर्शकलाई मात्रै हैन आफैले पनि गरिन् ।

उनले आधा दर्जन गीत प्रस्तुत गर्दा ज्याकेट नै फुकालेर नाच्न थालेपछि महोत्सवमा रौनकता छायो । त्यस्तै कृष्ण सुवेदी, कुमार पुन लगायतका कलाकारको प्रस्तुतीले पनि महोल तातेको थियो । साँझ कोरस ब्याण्डको प्रस्तुतीमा युवायुवती झुमेक थिए ।

महोत्सवमा आइतबार जानकी तारनी मगर, प्रजापती पराजुली, राजन कार्की र मञ्जु विक, टेक क्षेत्री लगायतको प्रस्तुती रहने सिटि रेवानका महासचिव एवं प्रचारप्रसार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए ।

१२ गतेसम्म चल्ने महोत्सवमा १ सय २५ स्टल रहेको सिटि रेवानका महासचिव एवं प्रचारप्रसार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए ।

महोत्सवमा ४५ लाख आम्दानी हुने र ४० लाख खर्च हुने अनुमान गरिएको छ । महोत्सव ९० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।महोत्सबको आकर्षणमा अन्तर समाज दोहोरी गीत प्रतियोगिता, ढिंडो खाने प्रतियोगिता, पप कन्सर्ट, लोकदोहोरी तथा हाँस्य कलाकारको प्रस्तुती, गृहणी महिला नृत्य प्रतियोगिता, रत्यौली गीत प्रतियोगिता, वाल उद्यान तथा कृर्षि, दैनिक उपभोग्य बस्तुको प्रदर्शनी, लगायत रहेका छन् । महोत्सब प्रवेशको लागि ६५ रुपैया शुल्क लाग्ने र बिद्यार्थीलाई छुट सहित ४० रुपैयाँ निर्धारण गरिएको छ । महोत्सबबाट बचत भएको रकम मध्ये १० प्रतिशत पर्यटन प्रबर्द्धन र पाँच प्रतिशत असहाय वालवालिकाको लागि खर्च गरिने भएको छ ।

## बगालेटोल तमु समाजको वार्षिक साधारणसभा

पोखरा ४ मंसिर ।

पोखरा-८ बगालेटोलस्थित बगालेटोल तमु समाजको ३३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभामा पोखरा उपमहानगरपालिका वडा नं. ८ को सचिवमा पदोन्नति भएका बगालेटोल निवासी चन्द्रबहादुर तमुलाई फेटा र समाज स्थापनाकालदेखि विशेष क्रियाशील खड्गसिंह तमु, होमबहादुर तमु, सक्रिय सदस्यहरु उमादेवी तमु, दुर्गादेवी तमु, पुर्व उपाध्यक्ष क्या.मैतलाल तमुलाई प्रमुख अतिथि समाजसेवी क्या.इश्वरबहादुर तमुले खादा लगाएर सम्मान गरेका थिए । समाजका वयोवृद्ध समाजसेवी क्या.इश्वरबहादुर तमुले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको साधारणसभमा समाजका सचिव प्रेमबहादुर तमुले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष मनश्री तमुले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । यसरी नै समाजका अध्यक्ष दिलबहादुर तमुले आगामी दिनमा भान्साघर निर्माण, ल्होछार मनाउने, ट्रस निर्माण लगायत बारेमा प्रस्ताव प्रस्तुत गरी छलफल गरिएको थियो । कार्यक्रममा निलगीरी इंग्लिस बोर्डिस स्कुलकी संस्थापिका रामु तमुले समाजको सिफारिसमा गरिब तथा जेहेन्दार ५ जना विद्यार्थीलाई नि:शुल्क अध्ययन गराउने उद्घोष गरे । समाजका अध्यक्ष दिलबहादुर तमुको अध्यक्षता, उपाध्यक्ष सु.भक्तबहादुर तमुले स्वागत र सचिव प्रेमबहादुर तमुले सञ्चालन गरेको कार्यक्रममा प्रमुख सल्लाहकार मेजर दिलबहादुर तमु, आमा अध्यक्ष पञ्चकुमारी तमु, पत्रकार हुमबहादुर तमु लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## नपाको अभियान जारी

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ४ मंसिर ।

पोखरामा सडक मापदण्ड मिचेर बनाइएका संरचना हटाउने काम तीब्र पारिएको छ । शुक्रवार विजयपुरबाट सुरु भएको अभियान अन्तर्गत शनिबार चाउथे क्षेत्रमा रहेका संरचना हटाइएको हो । सडक किनारमा मापदण्ड मिचेर बनाइएका घर टहराको साथै गाडीका ग्यारेज समेत भत्काइएको छ । पोखरा उपमहानगरपालिकाले डोजर लगाएर ग्यारेजमा थन्किएका गाडी समेत तह लगाएको छ । अतिक्रमण गरी बनाइएका संरचना र सडक मापदण्ड भित्र राखिएका सामाग्री हटाउने काम जारी रहने उपमहानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले जानकारी दिए। पोखरा उप-महानगरपालिकाले पहिलो चरणमा बिजयपुर देखि पृथ्वीचोक सम्म सडकको दाँयाबाँया रहेको अतिक्रमित घरटहरा तथा होर्डिङ बोर्ड हटाउने जनाएको छ । अभियान अन्तर्गत दोस्रो चरणमा पोखराका अन्य स्थानमा मापदण्ड विपरित निर्माण भएका घरटहरा र सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका बस्तीमा डोजर लगाउने ढुंगानाले बताए ।

## शान्ति सम्झौताको एक दशक : दिगो शान्ति र विकासको यात्रा

✍नारायणप्रसाद न्यौपाने
काठमाडौं ४ मंसिर ।

सरकार र तत्कालीन नेकपा ( माओवादी) बीच विस्तृत शान्ति सम्झौता भएको एक दशक पूरा भए पनि जनअपेक्षाअनुसार राजनीतिक स्थायित्व, दिगो शान्ति र विकासको ढोका भने अझै खुल्न बाँकी रहेको छ । उक्त सम्झौताको एक दशकको मुख्य उपलब्धिका रुपमा नेपाली जनताले संविधानसभाबाट संविधान प्राप्त गर्ने सात दशक लामो चाहना पूरा भएको छ ।

यद्यपि, मुलुकमा राजनीतिक स्थायित्व कायम हुन सकेको छैन । यो दश वर्षको अवधिमा नौवटा सरकारको फेरबदल भएको छ । संविधानसभामा कायम रहेका ९० प्रतिशत सभासद्को हस्ताक्षरमा जारी भएको नेपालको संविधानलाई नेपालीले मात्र नभई अन्तर्राष्ट्रिय समुदायले समेत उपलब्धिका रुपमा लिएर स्वागत गरिसकेका छन् ।

विसं २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान विश्वका अरु लोकतान्त्रिक संविधानको तुलनामा निकै लोकतान्त्रिक र समावेशी चरित्रको छ । विश्व समुदायले पनि यसलाई अन्तर्राष्ट्रिय मञ्चमा भन्दै आएको छ र त्यसको कार्यान्वयनमा जोड दिएको छ ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेका थिए । नेपालको संविधानको प्रमुख विशेषताका रुपमा सङ्घीयता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक विषयलाई लिइएको छ जसलाई कार्यान्वयनको कसीमा उतार्न राजनीतिक नेतृत्वले अथक प्रयास पनि गरिरहेको छ ।

मुलुकमा राजनीतिक परिवर्तन र त्यसको संस्थागत विकासका उपलब्धिको मुख्य आधारका रुपमा सात राजनीतिक दल र माओवादी बीच नयाँदिल्लीमा भएको १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौता नै हो । नेकपा (माओवादी)को १० वर्षे सशस्त्र विद्रोह र सात राजनीतिक दलको १९ दिने शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट राजतन्त्रलाई हटाएर नेपाललाई सङ्घीय गणतन्त्र घोषणा गरेका थिए ।

विस्तृत शान्ति सम्झौताअनुरुप द्वन्द्व व्यवस्थापनका दृष्टिले निकै महत्वपूर्ण मानिएको सेना समायोजन र हतियार व्यवस्थापनपछि क्रमशः मुलुक शान्ति र स्थायित्वको मार्गमा अग्रसर भएको हो । माओवादीका लडाकुलाई राष्ट्रिय सेनामा समायोजन गर्ने वा नगर्ने बहसका बीच सरकार र माओवादीबीच भएको सहमतिअनुरुप सेना समायोजनले पूर्णता पाएको थियो ।

सेना समायोजनको सहमतिसँगै लडाकुहरुले नेपाली सेनामा महासेनानी पदसम्मको जिम्मेवारी प्राप्त गरेका छन् । अन्तर्राष्ट्रिय समुदायको सहयोग र सद्भाव तथा नेपालका राजनीतिक दलका शीर्ष नेताको सुझबुझपूर्ण निर्णयले हतियार व्यवस्थापनको विषय पनि सहज ढङ्गले टुङ्गिएको जगजाहेर छ ।

नेपालको द्वन्द्व व्यवस्थापन विश्व समुदायका लागि अध्ययन, उत्सुकता र अनुभव साटासाटका निम्ति उपयोगी बनेको छ जसको चर्चा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा हुँदै आएको पनि छ ।

दश वर्षको अवधिमा भएको संविधानसभाको पहिलो निर्वाचनमा सबैभन्दा ठूलो राजनीतिक दलको हैसियतमा दुईपटक तथा त्यसपछि भएको निर्वाचनमा तेस्रो शक्तिका रुपमा खुम्चिएको नेकपा माओवादी, एकीकृत माओवादी हुँदै माओवादी केन्द्रका रुपमा जुट्दै र फुट्दै फेरि सत्ताको नेतृत्वमा छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्ने तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल अहिले प्रधानमन्त्री छन् ।

संविधानका केही अन्तरवस्तुमा असहमति जनाउँदै आन्दोलनमा रहेको मधेस केन्द्रित दलका मागलाई सम्बोधन गरेर संविधानलाई सर्वस्वीकार्य बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउने गहन जिम्मेवारी प्रधानमन्त्री दाहालको काँधमा रहेको छ ।

नेपाली काँग्रेसका नेता एवम् उपप्रधानमन्त्री तथा गृहमन्त्री विमलेन्द्र निधि भन्छन्-'प्रमुख दलको सहकार्यमा मुलुकमा भएको ठूलो राजनीतिक परिवर्तनलाई खुसीका रुपमा लिनुपर्छ, संविधानलाई सर्वस्वीकार्य बनाएर मुलुकलाई समृद्धिको बाटोमा डोऱ्याउनु आजको आवश्यकता हो ।" नेकपा (एमाले)का उपाध्यक्ष भीमबहादुर रावल संविधानले सबै जाति, समुदाय र भूगोलका जनताको भावनालाई समेटेकाले अन्तरद्वन्द्व र असमझदारीलाई हटाएर अब मुलुकलाई शान्ति र समृद्धितर्फ लैजानुपर्छ भन्छन् ।

तराइ-मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर संविधान निर्माणसँगै गरिएको राज्य पुनःसंरचनाले द्वन्द्व खडा गरेकाले त्यो समाधान नभइकन समृद्धि सुनिश्चित नहुने अभिमत प्रकट गर्छन्। द्वन्द्वकालमा सरकार र विद्रोही पक्षबीच सहजकर्ताको भूमिका निर्वाह गरेका पूर्वसभामुख दमननाथ ढुङ्गाना मुलुकमा हत्या, हिंसा रोकिए पनि दिगो शान्तिको ढोका भने अझै खुलिनसकेकामा अझै चिन्तित हुन्छन्-शान्ति, समृद्धि, राजनीतिक स्थायित्व र राष्ट्रको सर्वतोमुखी समुन्नतिका लागि । रासस

कर्मचारी चाहियो

| | |
|---|---|
| कुक | - २ जना |
| रिसेप्सनिष्ट | -२ जना |
| वेटर | - २ जना |
| मार्केटिङ सेल्स | -केही |
| किचन हेल्पर | -२ जना |
| सुरक्षा गार्ड | -२ जना |

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

टीका रिसोर्ट, लेकसाइड, पोखरा
फोन : ०६१-४६२०३३, ४६०२३३

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# हाइटीको अवस्थामा नपुऱ्याउ

भूकम्पलगत्तै उद्धारका चरणमा नेपालीले देखाएका जीवटपन हेर्दा पुनःनिर्माण तथा पुनःस्थापना यति कष्टकर बन्न पुग्ला भन्ने धेरैले सोचेकै थिएनन् । नेपाल हाइटी जस्तै असफल हुन्छ भन्ने निराशावादीको संख्या धेरै-थोरै थियो । हुन पनि त्यत्रो विपत्तिपछि पनि पीडितहरूको अनुहारमा मुस्कान र ज्योति छिटै फर्केको थियो । कतिले त भूकम्पले आधुनिक एकीकृत बस्ती बसाउने अवसर दिएको पनि ठानेका थिए । धुर्मुस-सुन्तलीको उदाहरण हेर्ने हो भने सरकारले बुद्धि पुऱ्याउन सकेको भए भूकम्पबाट ध्वस्त भएका मात्र हैन अव्यवस्थित रूपमा बसाइएका अरू गाउँ र बजारहरू समेतलाई पुनःनिर्माणका क्रममा वैज्ञानिकरूपमा व्यवस्थित गर्ने अवसर थियो । तर, राज्यका नीति निर्माताहरू संकीर्ण कारिन्दा र कार्यकर्ताको सोचभन्दा माथि उठ्न सकेनन् । नेपाली साँच्चै नै ज्युँदो जाति भएकाले जति कष्ट परे पनि हाँसेरै सहँदै दौड प्रतियोगिताका खेलाडी भुइँमा पछारिँदा पनि जुरुक्क उठेर धुलो टक्टक्याउँदै दौडन थालेजस्तै आफैँ पुनःनिर्माणमा जुट्यो । देश सरकारको कार्यसम्पादन, दाताहरूको खोक्रो आश्वासन र ठूला बहुपक्षीय र गैरसरकारी संस्थाका कर्मचारीबाट भूकम्पपीडितका नाममा भएका खर्चमा भ्रष्टाचारजस्ता मामिलामा हाइटीकै हाराहारीमा उभिए पनि जनस्तरबाट गरिएका उदाहरणीय कामले देश असफल हुनबाट जोगिएको हो । यसैले जनतालाई बेलामा अत्यावश्यक सहयोगसमेत गर्न नसक्ने सरकारले अनेकौं मापदण्ड र नियम तेर्स्याएर अप्ठेरो बनाउनु न्यायोचित हुँदैन। कीर्तिपुरका भूकम्पपीडित लगायतका बासिन्दाले केही नगरका केही भागलाई भित्री क्षेत्र (कोर एरिया) घोषणा गर्ने माग राखेर धर्ना दिएका छन् । निर्धारित मापदण्डअनुसार घर बनाउनै नमिल्ने भएपछि उनीहरूले संशोधनका लागि दबाब दिएका रहेछन् । नयाँ मापदण्डअनुसार घर बनाउनै नसकिने ठाउँहरूलाई 'कोर एरिया' घोषणा गरी अहिलेका घरलाई यथावत् बनाउन दिन माग गरेका छन् । हुन पनि पुराना बस्तीहरूमा पीडितहरू आफैँले घर बनाउनुपर्ने भएपछि नयाँ मापदण्ड लागु गर्नुपर्छ भनेर अड्को थाप्ने प्राकृतिक न्यायविपरीत र अमानवीय हुन्छ । राज्यले भूकम्प जानेबित्तिकै बेलैमा योजना बनाएर पुनःनिर्माण कार्य अगाडि बढाएको भए सम्भवतः नयाँ मापदण्डअनुरूप बस्ती बसाउन जनता पनि तयार हुन्थे । अब त्यो चरण गुज्रिसकेको छ । पुनःनिर्माणका सन्दर्भमा त्यसमा राज्यका तर्फबाट संलग्न सबै पक्षले गम्भीर र अक्षम्य गल्ती गरिसकेका छन् । तिनको नियत र मूर्खताको मूल्याङ्कन भविष्यले गर्ने नै छ । अब बगेको खोलाजस्तै खेर गएको समय र अवसर फर्कँदैन । अझै पनि सरकार संवेदनशील हुने हो भने आउने वर्षाभन्दा पहिले सबैलाई ओत उपलब्ध गराउन सम्भव छ । निर्माण गर्न सहयोग दिँदा अड्को थापेर अलमल नगरिदिने हो भने पीडितले घरहरू आफैँ बनाउनेछन् । तर, बाली भित्र्याएपछि घर बनाउन लाग्नुपर्ने बेलामा मापदण्डले पारेको अप्ठेरो फुकाइमाग्न कीर्तिपुरेहरूजस्तै धर्ना बस्नु पर्‍यो भने आउने वर्षा याममा पनि पीडितहरूले अस्थायी झुप्रामै गुजारा चलाउनुपर्नेछ । पुराना घना बस्ती र नयाँ गाउँ वा बजार क्षेत्रमा घर बनाउन एउटै मापदण्ड लागु गर्नु मुर्ख्याइँ हो । रहर त पक्कै पनि हुन्छ सबैलाई फराकिलो बाटो भएको सुविधायुक्त खुला ठाउँमा बस्ने । तर, पुग्नु पनि त पर्‍यो । नयाँरूपमा बसाउन सरकार असमर्थ भएपछि उपत्यकाका पुराना बस्ती र बजारमा मानवीय दृष्टिकोण राखेर मापदण्ड तय गरिनुपर्छ । कतिपय पुराना बस्तीमा पुस्तौंदेखि बस्दै आउनेहरूको घडेरी दर्ता भएको छैन । कति गुठीको जमिनमा घर बनाएर पुस्तौंदेखि बसेका छन् । त्यस्तो स्ववासी जमिन उनीहरूकै नाममा दर्ता गरेर भूकम्पपीडितलाई उपलब्ध गराइने सहयोग दिनुपर्छ । उनीहरू बस्दै आएका ठाउँमा घर बनाउन नदिने हो भने सरकारले नै तोकेको मापदण्डअनुसारको घडेरी उपलब्ध गराउनुपर्छ । तर, अहिलेको सरकार र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको काम शैली, सोच र क्षमता हेर्दा त्यस्तो सम्भावना देखिँदैन । यसैले कुनै नियम वा मापदण्ड देखाएर पीडितलाई अप्ठेरो बनाउने नैतिक अधिकार पनि सरकारसँग छैन । भूकम्पपीडितका समस्यामा मानवीय दृष्टिकोण राख्नु आवश्यक छ । भूकम्पपीडितलाई थप पीडा नदेऊ !

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ५ गते आइतबार, तदनुसार नोबेम्बर २० सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको षष्ठमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ३८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २९ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साँझ ५ बजेर ०८ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।
**वृष** : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।
**मिथुन** : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने ।
**कर्कट** : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।
**सिंह** : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।
**कन्या** : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।
**तुला** : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।
**वृश्चिक** : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।
**धनु** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।
**मकर** : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।
**कुम्भ** : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।
**मीन** : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# फेसबुकले ट्रम्पलाई जित्न कसरी सघायो ?

**जेनेप टुफेकी**

केही समयअघि सामाजिक सञ्जाल फेसबुकमा अत्यन्तै धेरै फैलिएको एक समाचारको शीर्षक थियो - प्रभावशाली धार्मिक गुरु पोप फ्रान्सिसले अमेरिकी चुनावमा रिपब्लिकन उमेद्वार डोनाल्ड ट्रम्पलाई समर्थन गरे। चुनावको मुखमा झन्डै १० लाख पटक सेयर भएको उक्त समाचार पढेर ट्रम्पका समर्थक निकै उत्साहित भएको अन्दाज गर्न सकिन्छ। अर्की उम्मेद्वार हिलारी क्लिन्टनप्रति धेरै मतदाताहरु त्यो बेला रुष्ट भए जब चुनावको केही दिनअघि मात्र उनीहरूले डेनभर गार्जियनमा प्रकाशित अर्को समाचार पढे। सो समाचारमा लेखिएको थियो- क्लिन्टनको इमेल प्रकरणसम्बन्धी अनुसन्धान बाहिर चुहाएको आशंका गरिएका एफबीआईका एक एजेन्टले आत्महत्या गरे।

फेसबुकमा सेयर गरिएका दुबै समाचारमा एउटै समस्या थियो- दुबै 'फेक न्युज' अर्थात् झुठा समाचार थिए। धार्मिक गुरु पोप फ्रान्सिस शरणार्थी अधिकारका हिमायती हुन र उनले अमेरिकी चुनावमा कुनै पनि उमेद्वारलाई समर्थन गरेका थिएनन्। न त अमेरिकामा कतै डेनभर गार्जियन नामको पत्रिका नै छ। तर फेसबुकका कारण सम्भवतः लाखौं मानिसले दुबै समाचार पढे र सेयर गरे। दुबै समाचार गलत हुन् भन्ने कुरा पनि फेसबुकमा नलेखिएको होइन, तर 'करेक्सन' गरिएका टिप्पणीहरू यी समाचारले फैलाएको कोलाहलमा त्यसै बिलाए।

उल्लेखित दुई झुठा समाचारको कथा सामाजिक सञ्जालमा अपवाद होइन। गत वर्ष हजारौंको संख्यामा झुठा समाचार सेयर भएको भेटिएको थियो। अनुसन्धानअनुसार ४४ प्रतिशत अमेरिकी मतदाताले समाचार पढ्नका लागि फेसबुक प्रयोग गर्छन्।

तर अत्यन्तै सानो संख्यामा सेयर हुने 'फेक न्युज' ले अमेरिकी चुनाव प्रभावित गर्‍यो भन्नु 'क्रेजी आइडिया' भएको भन्दै फेसबुकका संस्थापक मार्क जुकरवर्गले त्यसको प्रतिवाद गरे। जुकरवर्ग गलत छन्। मानिसका निर्णय प्रक्रियामा फेसबुकले अत्यन्तै न्यून प्रभाव पार्ने जिकिर गरेर जुकरवर्गले संसार र अमेरिकी प्रजातन्त्रमाथि प्रहार गर्दैछन्। उनको तर्क त फेसबुक आफैंले गरेको अनुसन्धानको नतिजासँग पनि मेल खाँदैन। सन् २०१० मा अमेरिकी मध्यावधि चुनाव ( राष्ट्रपति निर्वाचन पश्चात निश्चित संख्यामा सिनेट र तल्लो सदनका लागि हुने चुनाव) भन्दाअघि ६ करोड १० लाख अमेरिकी फेसबुक प्रयोगकर्ता माझ अनुसन्धान गरिएको थियो। प्रयोगकर्तालाई दुई समूहमा बाँडियो। फेसबुकमा एउटा समूहलाई 'मत दिनुस्' भन्ने बक्स मात्र देखाइयो जसमा क्लिक गरेर मत दिन सकिन्थ्यो।

अर्को समूहलाई पनि त्यसैगरी 'मत दिनुस्' भन्ने बक्स लेखियो, तर त्यसमा तपाईंका कुन कुन फेसबुक मित्रले मत दिइसके भनेर उनीहरुको फोटो पनि देखाइएको थियो। दोश्रो समूहले अत्यन्त धेरै मत बटुल्न सफल भयो। त्यसको अर्थ हो-आफ्ना फेसबुक मित्रले गरेको निर्णयलाई तपाईं पत्याउनु र पछ्याउनु हुन्छ। सन् २०१२ मा नै फेसबुकका अनुसन्धानकर्ताले अर्को अनुसन्धान गरेका थिए। केही फेसबुक प्रयोगकर्तालाई सकारात्मक पोष्ट देखाइयो र केहीलाई अलिकति निराशाजनक पोष्ट देखाइयो। सकारात्मक पोष्ट पढ्नेले झनै सकारात्मक र उत्साहित हुने किसिमका कुरा पोष्ट गरे भने निराशाजनक कुरा पढ्नेले पनि निराशाजनक कुरा नै पोष्ट गरे।

दशकौंदेखि गरिएको अनुसन्धानले एउटै कुरा भन्छ - मानिस आफ्ना समकक्षी र सामाजिक सञ्जालबाट प्रभावित हुन्छन्। समाजमा सूचना फैलावटको प्रमुख वाहक बनेको फेसबुकले मानिसको निर्णयमा कुनै प्रभाव पार्दैन भन्ने जुकरवर्गको दावीलाई अनुसन्धानका नतिजाले हाँस्यास्पद देखाएको छ। राजनीतिक भाष्यमा फेसबुकको प्रभाव भ्रामक समाचारलाई व्यापक बनाउनमा मात्र सीमित छैन। फेसबुक 'इको च्याम्बर' (प्रतिध्वनि कक्ष) पनि हो। उक्त कम्पनीको 'अलोगरिदम' (एक किसिमको सफ्टवेयर)ले तपाईंको फेसबुक पेजमा कुन कुरा देखाउने र कुन कुरा हटाउने वा कुन कुरालाई बढी प्राथमिकता दिने र कुन कुरालाई कम प्राथमिकता दिने भनेर निर्णय गर्छ। त्यसलाई मानवीय स्वभावको सन्दर्भमा हेरौं- समान विचार राख्ने मानिस निकट हुने मात्र होइन उनीहरू आफ्ना पूर्वाग्रहसँग मिल्ने समाचारको निरन्तर खोजीमा हुन्छन्। फेसबुकले गर्ने ठ्याक्कै त्यही कुरा हो। प्रयोगकर्ताले कस्ता किसिमका कुरा रुचाएर हेर्छन् वा पढ्छन् भनेर फेसबुकको अलोगरिदमले गणना गर्छ र त्यस्तै किसिमका पोष्ट प्रयोगकर्ताकर्ताको टाइमलाइनमा पठाइदिन्छ।

मेरो आफ्नै अनुभूति पनि त्यस्तै छ। मेरा धेरै अमेरिकी साथी नरम किसिमका डेमोक्र्याट छन् तर केही ट्रम्पका समर्थक पनि छन्। ट्रम्पलाई समर्थन गर्ने मेरा साथीका फेसबुक पोष्टमा के छ भनेर खोज्न मैले केही समय नै खर्चनु पर्‍यो किनकि फेसबुकको अलोगरिदमले उनीहरूको पोष्ट मेरो टाइमलाइनमा देखाएन। अलोगरिदमले ठान्यो- ट्रम्प समर्थकका कुरामा मलाई चासो छैन।

अलोगरिदमको प्रयोग गर्दा फेसबुकलाई आर्थिक रूपले निकै फाइदा हुन्छ। त्यसैकारणले त सित्तैमा भिडियो हेर्न सकिने युट्युबले पनि त्यस्तै किसिमको प्रणाली अपनाएको छ।

तपाईंले कस्ता किसिमका भिडियो हेर्ने गर्नुभएको छ त्यसलाई युट्युबको प्रणालीले नियाल्छ र त्यस्तै प्रकृतिका अन्य भिडियो हेर्न तपाईंलाई सिफारिस गर्छ। बजफिड न्युजका अनुसार युरोपको मेसेडोनियाका केही युवाले फेक समाचार राखेर १०० भन्दा बढी ट्रम्प पक्षीय वेबसाइट सञ्चालन गरेका थिए। अज्ञात एफबीआई स्रोतलाई उद्धृत गर्दै क्लिन्टनलाई इमेल प्रकरणमा कानुनी कारबाही गरिने भनेर उनीहरूले फेसबुकमा राखेको समाचार १ लाख ४० हजार भन्दा धेरैले सेयर गरे भने त्यसलाई सम्भवतः दसौं लाखले पढे।

अवश्य पनि फेक न्युजले मात्र कुनै चुनावी नतिजाको परिणाम निर्धारित गर्दैन। मानिसले अनेकौं कारणले निश्चित उमेद्वारलाई मत दिन्छन्। तर उनीहरूले कस्तो सूचना प्राप्त गर्छन् भन्ने कुराले मतदान निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ। अमेरिकी चुनावको नतिजा आएपछि फेक न्युजका सम्बन्धमा जुकरवर्गले दाबी गरे - 'फेक न्युज' दुबै पक्षले प्रयोग गरेका हुन्। सही हो कि सामाजिक सञ्जालमा ट्रम्प विरोधी गलत समाचार पनि छरिएका थिए। तर फेक न्युज सेयर रिपब्लिकन, त्यसमध्ये पनि दक्षिणपन्थी रिपब्लिकनले अत्यन्त धेरै प्रयोग गरेको फेला परेको छ।

फेक न्युजमा दक्षिणपन्थीको अत्यन्त धेरै चासो हुन्छ भन्ने कुरा मेसोडेनियाका युवाले पनि बुझे। उनीहरुले लेफ्ट अथवा बर्नी स्याण्डर्स पक्षीय फेक न्युज बनाएर नै आफ्नो धन्दा सुरु गरेका थिए। तर उनीहरूले चाँडै बुझे, जति ट्रम्प पक्षीय फेक समाचार सेयर हुन्छ त्यति सेयर स्याण्डर्स पक्षीय फेक समाचार बनाएर हुँदैन। अनि जति धेरै सेयर हुन्छ, उति धेरै फाइदा हुन्छ।

एकछिनका लागि मानौं, फेक न्युजको प्रयोग दुबै पक्षले बराबर नै गरे भन्ने जुकरवर्गको दाबी नै सही छ। तर त्योचाहिँ समस्याग्रस्त भएन र? फेसबुकमा गलत समाचार तथा सूचना कसरी फैलन्छ, कति फैलन्छ, त्यो कसले लेख्छ, कसले पढ्छ र त्यसले कति प्रभाव पार्छ भन्ने तथ्यांक फेसबुक कम्पनीसँग मात्र छ। तर दुर्भाग्य,फेसबुकले उक्त तथ्यांकलाई पूर्ण नियन्त्रण राखेको छ, उसले स्वतन्त्र अनुसन्धानकर्ता लाई त्यसमा पहुँच दिँदैन। उसको व्यवहार भनेको हानिकारक चुरोट उत्पादन गर्ने कम्पनीले मानिसका स्वास्थ्यसम्बन्धी तथ्य तथा अस्पतालका सारा रेकर्ड आफ्नो नियन्त्रणमा लिनु जस्तै हो।

माथि उल्लेख गरेका समस्याको सामाधान सहज छैन। तर फेसबुकलाई समाजका निम्ति कम हानिकारक बनाउन जुकरवर्गले धेरै कुरा गर्न सक्छन्। जब फेसबुकले प्रयोगकर्ताको बक्समा अनावश्यक सन्देशको मात्रा घटाउन चाह्यो तब उसको नीति सफल पनि भयो। 'स्पाम मेसेज' को संख्या घट्यो। फेक समाचारको फैलावट घटाउन फेसबुकले त्यस्तै प्रकारको उत्साह देखाउने हो भने ऊ सफल पनि हुन सक्छ। तर फेसबुक कम्पनी गलत दिशामा जाँदैछ। आफ्नो 'ट्रेन्डिङ सेक्सन'बाट फेक समाचार हटाउने काममा खटिएका केही सीमित सम्पादकलाई समेत उसले केही समयअघि मात्र जागिरबाट हटाएको थियो। आश्चर्य छैन, फेसबुकको उक्त 'सेक्सन'मा झुठा लेखको बाढी नै आयो। दुःखको कुरा त फेसबुकसँग विश्वसनीय वेबसाइटलाई चिनाउने कुनै राम्रो माध्यम नै छैन। फेसबुकका लागि अस्तित्व नै नरहेको डेनभर गार्जियन र वास्तविक पत्रिका डेनभर पोष्टबीच कुनै फरक छैन। गलत प्रोपोगाण्डा हटाउने बाहेक फेसबुकले आफ्नो अलोगरिदमलाई परिवर्तन गरेर प्रयोगकर्ताको पूर्वाग्रहलाई अझ सशक्त



बनाउनेभन्दा पनि तथ्यमा आधारित लेख प्रवर्द्धन गर्न सक्छ। त्यस्तो गर्नु पक्कै पनि गाह्रो काम होला। तर सिलिकन भ्यालीका अर्वपतिले मंगल ग्रहमा मानव बस्ती बसाल्नुअघि आफैंले सिर्जना गरेको उक्त समस्याको सामाधान गर्नु बुद्धिमानी हुन्छ।

फेसबुक कम्पनीले समस्या बुझ्न र सामाधान गर्नका लागि स्वतन्त्र अनुसन्धानकर्तालाई आफ्नो तथ्यांकमा पहुँच दिनुपर्छ। सन्तुलित 'न्युजफिड' बनाउने हो भने मानिसले फेसबुकलाई कम प्रयोग गर्लान्, तर ३०० अर्ब डलरभन्दा बढी बजार पुँजी तथा कुनै प्रतिद्वन्द्वी नभएको कम्पनीलाई त्यति काम गर्न गाह्रो नहुनु पर्ने हो। इन्टरनेटमा हुने गलत सूचनाको प्रवाह तथा फैलावट समाजका लागि अत्यन्तै हानिकारक हुन्छ। फेसबुकको वर्तमान संरचनाबाट देखिएको खतरा अमेरिकी समाजमा मात्र सीमित छैन। रोक्ने र सन्तुलन गर्ने निकाय नभएका, कमजोर संस्था भएका र स्वतन्त्र सञ्चारमाध्यम नभएका राज्यमा फेसबुकको असर दुर्घटनात्मक पनि हुन सक्छ। उदाहरणका लागि फेसबुकमा फैलिएको गलत सूचनाले म्यान्मारमा जातीय नरसंहार र ठूलो शरणार्थी समस्या सिर्जना गरेको थियो।

फेसबुकले आफूलाई तटस्थ रहेको दावी गर्ला, तर त्यस्तो दावी गलत र खतरनाक छ। उसका बिजनेस मोडेल, अलोगरिदम र नीतिले फेसबुकलाई 'इको च्याम्बर्स' बनाएको छ र गलत सूचनालाई फैलाएको छ। त्यसैलाई निरन्तरता दिनु भनेको तटस्थ रहनु होइन, त्यसले संसारलाई प्रभावित गर्ने खतरनाक प्रवृत्तिलाई बढावा मात्र दिन्छ। याद रहोस्, भोलि इतिहासका पुस्तकमा फेसबुक बारे चर्चा गर्दा सायद उसको चौमासिक आम्दानीका बारेमा चर्चा हुनेछैन।

# डा. गोविन्द के.सी.लाई खुला पत्र

**डा. पुष्पमणि खराल**

आदरणीय सर नमस्कार, स्वास्थ्य क्षेत्रमा देखिएका कुरीति र बेथितिविरुद्ध लड्ने तपाईंप्रति मेरो अपार श्रद्धा छ । प्रत्यक्षरूपमा आफू पनि तपाईसँग आन्दोलनमा संलग्न हुन नसक्ता आत्मग्लानि पनि भएको छ । सरसँग मेरो भेट करिब १७ वर्षअगाडि वीर अस्पतालको हाड जोर्नी विभागले आयोजना गरेको वर्कसपमा भएको थियो । तपाईंको सरल मिजास र कनिष्ठहरूप्रतिको मायाले त्यही बेलादेखि नै मलाई प्रभावित बनाएको थियो । त्यसपछि करिब ७ वर्ष प्रत्यक्ष भेट नभए पनि अप्रत्यक्षरूपमा सरले गरेका कामका बारेमा जानकार थिए ।

शिक्षण अस्पताल (आईओएम)मा एमडी गर्ने ताका मैले सरलाई फेरि भेट्न पाएँ । तपाईंको कामप्रतिको लगाव र समर्पण देख्दा सबै जना प्रभावित हुन्थे । हामी रेजिन्डेट चिकित्सक प्रभावित नहुने त कुरै भएन ! बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म अस्पतालमै कुनै चिकित्सक देखिन्थे भने कि रेजिन्डेन्ट चिकित्सक हुन्थे कि डा. गोविन्द के.सी सर हुनुहुन्थ्यो । त्यतिमात्र हैन, हामी रेजिडेन्टहरू सँग पुस्तकालयमा गएर पढ्ने बानी पनि केसी सरको नियमित प्रायः थियो । हामीलाई कसैले गोविन्द सर कहाँ हुनुहन्छ भनेर सोध्दा ढुक्कैसँग भन्थ्यौं - उहाँ कि डिपार्टमेन्टमा, कि ओपीडीमा, कि अप्रेसन थिएटरमा, की पुस्तकालयमा हुनुहुन्छ भने ।

शिक्षण अस्पतालमा थोरै चिकित्सकले मात्रै त्यहाँमात्र काम गर्छन् । तीमध्ये डा. गोविन्द केसी सर महत्वपूर्ण उदाहरण हुनुहुन्छ । अस्पतालमा मात्र नभएर १-२ महिनाको अन्तरालमा निःशुल्क औषधि बोकेर गाउँमा बिरामी जाँच्न जाने त उहाँको नियमित चर्या नै बनेको छ । नेपालका विकट ठाउँहरूबाट उपचार लिन जनता १-२ दिन हिँड्नुपर्छ । राज्यले ती विकट गाउँमा डाक्टर र स्वास्थ्य केन्द्रको व्यवस्था गर्न सकेका छैन ।

अस्पताल र अन्य स्वास्थ्य संस्था राजधानी र जिल्लाका सदरमुकाममा थुपारिएका छन् । राजधानी र सदरमुकाममा मात्र अस्पताल तथा मेडिकल कलेज केन्द्रित हुनुहुँदैन, देशका कुनाकाप्चामा पनि अस्पताल खोलिनुपर्छ, मेडिकल कलेज विकेन्द्रित हुनुपर्छ । त्यसले गर्दा देशका सबै जनताले बराबरीको हैसियतमा अस्पतालको सेवा लिन सकुन् भनेर सरले अनशन बस्दै गर्नुभएको अहिले दसौँपटक भइसकेको छ । अधिकांश नेपाली जनता र चिकित्सक तपाईंको आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरिक छन् । तीमध्ये म पनि पर्छु ।

राज्यले पटक पटक तपाईसँग सम्झौता गर्छ, तर कार्यान्वयन गर्ने बेला सरकार पछि हट्छ । चाहे मेडिकल कलेजहरूमा लिइने भर्ना शुल्क घटाउने कुरा होस् वा भ्रष्ट पदाधिकारीको कार्वाहीको कुरा होस्, या वरिष्ठताका आधारमा डिन नियुक्तिको कुरा होसु, कुनै कुरामा प्रगति भएको देखिँदैन । वरिष्ठताको आधारमा डिन नियुक्त गर्नु उत्तम भएता पनि सर्वोत्तम भने हैन । यसमा मेरो र धेरै साथीको मत मिलेको छ । वरिष्ठतालाई मात्र डिन वा अन्य पदाधिकारी नियुक्तिको आधार बनाइनु हुँदैन । वरिष्ठता, कार्यक्षमता र राजनीतिक आबद्धता यी तीनै कुरालाई आधार बनाइनुपर्छ । कार्य क्षमता नभए वरिष्ठताको कुनै अर्थ रहदैन । राजनीतिक आबद्धता भएका पदाधिकारी छान्दा कुनै खास पार्टीको स्वार्थमा काम गर्ने सम्भावना रहन्छ । पहिले पनि हामीले यस्तो भोगेका छौं । त्यसैले यी तीनै पक्षलाई आधार बनाई अंक मापन प्रणाली (स्कोरिङ्ग सिस्टम) बनाइनु पर्छ । उदाहरणका लागि १० लाई पूर्णाङ्क मान्ने हो भने कार्यक्षमता लाई ६ अंक, वरिष्ठतालाई ४ अंक दिने र राजनीतिक आबद्धता प्रमाणित भए २ अंक घटाउने (-२) गर्न सकिन्छ ।

वरिष्ठताले मात्र प्रभावकारी कार्य सम्पादन हुदैन भन्ने तथ्य धेरै उदाहरणले पुष्टि गरेको छ । सर्वप्रथम सरकै उदाहरण लिऊँ । वरिष्ठले मात्र समाज परिवर्तन, सुशासनमा टेवा दिन्थे भने सरभन्दा बरिष्ठहरूले के काम गरेका छन् ? जसले वरिष्ठलाई मात्र आधार मान्न निर्देश गरेका छन् । देशकै मन्त्रीहरूलाई हेरौं । कैयौं वरिष्ठहरूलाई पछि पार्दै युवा गगन थापाले परिवर्तनको आशा देखाएका छन् । कति कुरा त गगन थापाले प्रमाणित पनि गरी सकेका छन् वरिष्ठताभन्दा कार्यकुशलता र परिवर्तनमुखी सोच महत्वपूर्ण हुन्छ भनेर । अर्को उदाहरण विद्युत् प्राधिकरणका युवा र जोसिला प्रबन्ध निर्देशक कुलमान घिसिङ्ग छन् । वर्षौंसम्म अन्धकारमा डुबेका हामीलाई उज्यालोमा तानिदिए । दिनहुँ १०-१२ घन्टा हुने लोडसेडिङ्ग अहिले छैन । यो सफलता कुलमान घिसिङ्गको कार्यक्षमताले सम्भव भएको हो, वरिष्ठताले होइन । त्यसैले अब वरिष्ठताको आधारमा मात्र डिन तथा अन्य पदाधिकारी नियुक्त गर्नुपर्छ भन्ने मान्यतामा सरले पुनःविचार गर्नुहुन्छ भन्ने आशा लिएको छु । सरलाई अवगतै छ, हाम्रो देशमा विवेकशील, निःस्वार्थ र सक्षम व्यक्तिको ठूलो खाँचो छ । जताततै भ्रष्टाचार, नातावाद र कृपावाद मौलाएको छ । करोडपति सुजाता कोइरालालाई दिएको आर्थिक सहायता भ्रष्टाचार र कृपावादको पछिल्लो उदाहरण हो । राज्यले निमुखा जनताको उपचारमा बेवास्ता गर्ने र आफैँ उपचार गर्नसकने राजनितिक व्यक्तिहरूलाई बिनाहिचकिचाहट पैसा दिने गर्दा जनसाधारण सरकारप्रति आक्रोशित बनेका छन् । सक्षम व्यक्तिले आर्थिक सहायता लिन नपाउने र लिनै पर्ने खण्डमा पनि निश्चित मापदण्डको परिधिमा रहनुपर्ने बाध्यताकारी व्यवस्था अविलम्ब गरिनुपर्छ ।

यस्ता बेथिति कम गर्न बेलाबेलामा १-२ निःस्वार्थ व्यक्तिले प्रयाश गरेपनि नतिजा आशा लाग्दो छैन । चाहे त्यो स्वास्थ्य क्षेत्रमा होस् वा देशको समग्रतामा, इमानदार व्यक्ति भेट्टाउन कठिन छ । यस्तो अवस्थामा तपाईंजस्तो निष्ठावान् व्यक्ति स्वस्थ्य रहन आवश्यक छ । आमरण अनशन पटक पटक बस्दा सरको स्वास्थ्य निकै नै बिग्रिसकेको छ । यस देशले तपाईंजस्तो निःस्वार्थ व्यक्ति गुमाएमा ठूलो घाटा हुनेछ । जनताप्रति अन्याय हुनेछ ।

सर ! तपाईं अझै धेरै बाँच्नुपर्छ । बाँचेर न्यायको लडाइँ लड्नुपर्छ । सरले आठौं अनशन तोड्ने बखत भनेजस्तै अब आन्दोलन भोकै होइन खाएर गर्नुपर्छ । खाएर पनि सत्याग्रह गर्न सकिन्छ । सरसँग हातेमालो गर्न हामी सबै आतुर छौं ।

अहिले त्रिवि कार्यकारी परिषद्ले वरिष्ठताका आधारमा दोस्रो क्रममा रहेका डा.के.पी. सिंहलाई डिन नियुक्त गरेको छ । सरकै एक बेलाका हितैषी डा.के.पी. सिंह नियुक्त गर्दा पनि सरले विरोध गर्नुभएको मैले छापाबाट थाहा पाएँ । सरले पहिलो नम्बरका वरिष्ठ डा. जगदीश अग्रवाल सरलाई डिन बनाउनु पर्छ भनेर अड्डी लिनुभएको रहेछ । सरको अडान नाजायज होइन । उसै पनि, डा.अग्रवाल आईओएमका चिकित्सक माझ प्रख्यात हुनुहुन्छ । टिचिङ्ग अस्पतालमा मात्र समर्पित भएर काम गर्नेमा उहाँ पनि पर्नुहुन्छ । कुनै पनि समस्याको समाधान गर्दा दुवै पक्ष 'विनविन' अवस्थामा आउन जरुरी पर्छ । एक पक्ष अर्थात् सर तथा हामी अनुयायी र अर्को पक्ष उपकुलपति तथा त्रिवि कार्यकारी परिषद् ।

एउटा यस्तो भनाइ पनि छ - 'यति तिमी सधै सही हुन खोज्छौ भने तिमीमा नै गल्ती छ कि भन्ने प्रश्न उठ्न सक्छ ।' अग्रवाल सर र केपी सिंह सरलाई तुलना गर्दा अग्रवाल सर अल्ली खँदिलो देखिनुहोला तर केपी सिंह सरलाई नराम्रै भन्न मिल्छजस्तो लाग्दैन । केपी सरलाई पनि म विगत १७ वर्षदेखि नै चिन्छु । उहाँका केही नितान्त व्यक्तिगत पक्ष छाडेर समग्रमा उहाँ सरल, मिजासिलो, निडर र केही गर्न चाहने व्यक्तिमा गनिनुहुन्छ । केपी सिंह सर डिन हुँदा स्वास्थ्य क्षेत्र चुर्लुम्मै डुब्छ भन्नेमा कम्तीमा मलाई विश्वास छैन । त्यसै पनि उहाँको कार्यकाल ४ महिनामात्र छ । चार महिनासम्म डिन रहँदा सरसँग सल्लाह लिएर काम गर्ने सर्तमा उहाँलाई नै समर्थन गरी आमरण अनशन तोड्नु हितकर हुन्छ । स्वास्थ्य धेरै नबिग्रयोस् भनेर आमरण अनशन तोड्ने भनेको हुँ । खाएर गर्ने सत्याग्रह त छँदैछ ।

स्वास्थ्य क्षेत्रमा भइरहेको चरम व्यापारीकरण र राज्यले अपनाएको दूरदृष्टिविहीन स्वास्थ्य नीतिलाई सच्चाउन गरिने आगामी सत्याग्रहले पक्कै सफलता पाउनेछ । जनताको स्वास्थ्यमात्र नहेरी आफ्नो स्वास्थ्यको पनि ख्याल गर्न सरलाई विनम्र अनुरोध छ ।

(हाल, दमौली, तनहूँ )

# मंसिर आठ भित्रै संविधान संशोधन प्रस्ताव

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ४ मंसिर ।**

कारले संघीय गठबन्धनमा आबद्ध मधेसी मोर्चासँग सहमति नजुटे पनि मंसिर ८ गतेभित्रै संविधान संशोधनको विधेयक संसद्मा दर्ता गराउने भएको छ। प्रमुख तीन दल र मधेसी मोर्चासँग मंसिर ६ र ७ गते समझदारीका लागि अन्तिम प्रयास गरिने भए पनि सहमति जुट्ने सम्भावना कम भएको भन्दै सरकारले संशोधनको विधेयक ल्याउने तयारी थालेको स्रोतले जनाएको छ।

'मोर्चा र सरकारबीच संशोधनको अन्तरवस्तुमा सहमति नभए पनि तत्काल विधेयक दर्ता गर्ने विषयमा अनौपचारिक समझदारी नै छ,' माओवादी केन्द्रका नेता वर्षमान पुनले भने, 'विधेयक दर्ता गराएपछि चित्त नबुझेको विषय संसद्मा संशोधन आउँछ। त्यसपछि सुरु हुने छलफलले नै प्रमुख प्रतिपक्षी एमालेसहित मोर्चासँग सहमति निर्माण गर्न बाटो खुल्छ।'

पुनले सत्तारूढ कांग्रेस र माओवादी केन्द्र संविधान कार्यान्वयनको विषयमा एमाले, संविधान संशोधन गर्ने र निर्वाचनमा जाने विषयमा मधेसी मोर्चा निकट रहेकाले राजनीतिक निकास निस्कने दाबी गरे। 'राष्ट्रिय सहमतिकै आधारमा संविधान संशोधन गरेर सर्वस्वीकार्यता बढाउने र निर्वाचनमा जाने कुरामा अब विलम्ब हुँदैन,' उनले कान्तिपुरसँग भने, 'संविधान संशोधन विधेयकले राष्ट्रिय सहमतिको ढोका खुल्ने विश्वास लिएका छौं।'

पुनले मंसिर ८ मा संशोधन विधेयक दर्ता गर्ने तयारी भइरहेको पनि जानकारी दिए। कांग्रेस नेता एवं गृहमन्त्री विमलेन्द्र निधिले पनि मंसिरको ७ वा ८ गतेभित्रै संविधान संशोधनको विधेयक दर्ता हुने बताए। 'मोर्चाका नेताहरूसँग तत्काल सहमति नभए पनि संशोधन विधेयक दर्ता हुन्छ,' उनले भने, 'दर्ता भएपछि नै गम्भीर छलफल अघि बढ्छ र त्यसले सहमतिको वातवरण निर्माण गर्न सघाउँछ।'

संविधान संशोधन गरिनुपर्ने मुख्य विषय प्रदेशहरूको सीमांकन, नागरिकता, राष्ट्रिय सभाको गठन र भाषालगायत विषयमा कांग्रेस र माओवादी केन्द्रबीच साझा धारणा बने पनि मोर्चाका नेताहरूले सहमति जनाएका छैनन्।

सरकार र मधेसी मोर्चाका नेताहरूबीच भएका औपचारिकरअनौपचारिक छलफलमा प्रदेशहरूको सीमांकनको विषय नै पेचिलो बन्दै आएको छ।

निधिले बाहिर आएजस्तो अंगीकृत नागरिकता पाएका व्यक्तिलाई राज्यसत्ताका प्रमुख पदमा पुर्‍याउने र हिन्दी भाषालाई राष्ट्रिय भाषा मान्नेगरी संशोधन ल्याउन लागेको भन्ने विषय सत्य नभएको बताए।

प्रधानमन्त्री पुष्पकमल दाहालले बिहीबार प्रमुख तीन दलको बैठकमा सहमतिका लागि ८ प्रदेशको विकल्प प्रस्तुत गरे पनि सरकारले ७ प्रदेशमै रहेर संशोधन विधेयक अघि बढाउने भएको छ।

मधेसी मोर्चाको माग सम्बोधन गर्न प्रदेश नम्बर ५ का पहाडी जिल्ला र भागलाई छुट्ट्याएर नवलपरासीदेखि बर्दियासम्मलाई मधेस प्रदेश बनाउने गरी संशोधन विधेयक ल्याइने भएको छ। प्रदेश नम्बर ५ अन्तर्गत रहेका पाल्पा, अर्घाखाँची, गुल्मी प्रदेश नं. ४ मा र रुकुमको पूर्व भाग, रोल्पा, प्यूठानलाई प्रदेश नम्बर ६ मा गाभिने गरी संशोधन ल्याइनेछ। तर, माओवादी केन्द्रका नेता पुनले भने ५ नम्बर प्रदेशका पहाडी जिल्लालाई ४ नम्बर प्रदेशमा मात्रै राख्ने गरी संशोधन आउने दाबी गरे।

नागरिकताको विषयमा सरकारले तीनवटा विकल्पमध्ये कुनमा जाने भन्नेबारे निर्णय गरेको छैन। ती विकल्पमध्ये अंगीकृत नागरिकता लिएका व्यक्ति राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधान न्यायाधीश, प्रधानसेनापतिबाहेक अन्य पदाधिकारीका लागि योग्य हुने, अन्तरिम संविधानको व्यवस्था नै राख्ने या वैवाहिक अंगीकृत नागरिकतालाई सहज बनाउनेबाहेक हालकै संविधानको प्रवाधानलाई स्वीकार गरेर अघि बढ्ने छन्। 'वैवाहिक अंगीकृत महिलाको हकमा अन्तरिम संविधानमा भएको व्यवस्थाअनुसार राख्नेबाहेक अन्य व्यवस्था थपिने छैन,' पुनले भने।

राष्ट्रिय सभा गठनमा मधेसी मोर्चाले उठाएको मागमा समावेशी कोटाबाहेकमा जनसंख्याका आधारमा प्रतिनिधित्व गर्ने व्यवस्था राखिने भएको छ। राष्ट्रिय सभामा 'प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एकजना अपांगता भएका व्यक्तिसहित ८ जना निर्वाचित हुने' व्यवस्था छ। समावेशी प्रतिनिधित्वबाट आउने ५ बाहेक ३ जनामा जनसंख्याका आधारमा प्रतिनिधित्व हुने व्यवस्था राखिने गरी संशोधन ल्याइने भएको छ। मधेसी जनअधिकार फोरम गणतान्त्रिकका अध्यक्ष राजकिशोर यादवले संविधान संशोधनको अन्तरवस्तुमा सहमति जुटिनसकेको बताए।

'कांग्रेस, माओवादी केन्द्र र हाम्रोबीचमा सहमति निर्माण गरेर विधेयक लान सके हामीलाई स्वामित्व लिएर अघि बढ्न सहज हुन्छ। त्यसपछि संसद्मा विधेयक पास र फेलको जस अपजस हामी नै लिन्छौं भन्दै आएका छौं,' यादवले भने, 'कुराकानी र छलफल धेरै भएका छन्। तर, ठोस छलफल र समझदारी निर्माण गर्ने दिशामा वार्ता अघि बढेको छैन।'

यसैबीच संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले सरकारले एकलौटी ढंगले संविधान संशोधन प्रस्ताव दर्ता गर्न लागेको भन्दै आपत्ति जनाएका छन्।

शनिबार काठमाडौंमा रिपोटर्स क्लबमा भएको कार्यक्रममा अध्यक्ष यादवले सरकारले संविधान संशोधनबारे आन्दोलनरत पक्षसँग अहिलेसम्म कुनै सहमति नै नगरेको दाबी गरे। उनले भने, 'हामीसँग सहमति नगरीकन एकलौटी ढंगले संशोधन प्रस्ताव दर्ता भयो भने त्यसको कुनै अर्थ हुँदैन, त्यसले समस्याको समाधान वा निकास दिँदैन।' संघीय गठबन्धनसँग सहमतिको आधारमा संशोधन प्रस्ताव अघि बढाउनुपर्नेमा उनले जोड दिए। अध्यक्ष यादवले अहिले हल्ला भएजस्तो गरी संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गराइए त्यो कुनै हालतमा आफूहरुलाई मान्ने नहुने चेतावनी समेत दिए। उनले वर्तमान पुष्पकमल दाहाल नेतृत्वको सरकारले अघि सारेको ४ बुँदे संशोधन प्रस्तावले मधेसी र जनजाति फुटाउन षड्यन्त्र गरेको समेत आरोप लगाए। 'संशोधनको नाममा संशोधन मात्रै खोजेका होइनौं,' उनले भने, 'संविधानमा भएका विभेदकारी प्रावधानहरुको अन्त्य हुनेगरी संशोधन चाहन्छौं।',

सात प्रदेशले मुलुकको समस्या समाधान हुनै नसक्ने उनले ठोकुवा गरे। उनले भने, 'पहिलाका राज्य पुनर्संरचना आयोगले अघि सारेझैं १० प्लसको अवधारणमा जानुपर्छ।' उनले आयोगको प्रतिवेदन, मधेसी मोर्चासँग भएको सम्झौता र अन्तरिम संविधानमा उल्लेख भएबमोजिम तराई-मधेस-थरुहट यसमै रहने गरी पुनर्संरचना हुनुपर्नेमा जोड दिए।

# अफिनको उपाध्यक्षमा पश्चिमाञ्चलबाट बाँस्तोला




**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**

निजी तथा सामुदायिक अस्पतालहरुको छाता संगठन एशोसियसन अफ प्राईभेट हेल्थ इन्स्टिच्युशन नेपाल (अफिन) को पश्चिमाञ्चल क्षेत्रबाट उपाध्यक्षमा पोखराका नरेन्द्र बाँस्तोला निर्बिरोध निर्वाचित भएका छन्। शनिबार राजधानीमा सम्पन्न १९ औं साधारणसभा अन्तर्गतको निर्वाचन कार्यक्रमले पोखराको पद्म नर्सिङ होमका बाँस्तोलालाई पश्चिमाञ्चल क्षेत्रबाट केन्द्रीय उपाध्यक्षमा निर्बिरोध चयन गरेको हो। अधिवेशनले अध्यक्षमा नर्भिक अस्पताल काठमाडौंका बसन्त चौधरीलाई नै पुनः सर्वसम्मत चयन गरेको छ। अफिनको बरिष्ठ उपाध्यक्षमा अल्का अस्पतालका कुमार थापा र केन्द्रिय उपाध्यक्षमा आशा अस्पतालका नारायणसिंह कुँवर निर्वाचित भएका छन्।

यस्तै साधारण सभाले क्षेत्रीय उपाध्यक्षहरुमा पुर्वाञ्चलका लागि लाईफ गार्ड अस्पतालका डाक्टर कैलाश कुमार श्रेष्ठ, मध्यमाञ्चल का लागि नारायणी सामुदायिक अस्पतालका पुष्पराज शर्मा, मध्यपश्चिमाञ्चल का लागि राप्ति लाइफ केयर अस्पतालका हरि प्रसाद रिजाल र सुदूर पश्चिमाञ्चलका लागि पद्म अस्पतालका राजेन्द्रविर चन्दलाई चयन गरेको छ।

यसैगरी अफिनको महासचिवमा सुमेरु अस्पतालका हेमराज दाहाल, सचिवमा बिजयपुर अस्पतालका पंकज खतिवडा र कोषाध्यक्षमा नेपाल क्यान्सर अस्पतालका स्वरुपा श्रेष्ठ निर्वाचित भएका छन्। यसैगरी, सदस्यहरुमा राजकुमार थापा (रिदम न्यूरोसाइक्राटिक अस्पताल), गोपीकृष्ण न्यौपाने (स्तुपा स्वास्थ्य सेवा सहकारी), लोक बहादुर टण्डन (ग्रिनसिटी अस्पताल), कैलाश खड्का (वेलकेयर अस्पताल), भरतराज रेग्मी (चितवन एभरेस्ट अस्पताल) र यमबहादुर दर्लामी (सर्वाङ्ग अस्पताल निर्वाचित भएका छन्।

साधारसभामा क्षेत्रीय सदस्यमा पूर्वाञ्चलमा राजेश प्रसाद विष्ट (विराट आँखा अस्पताल), मध्यमाञ्चलमा ओमप्रकाश दवाडी (चितवन ओम अस्पताल), पश्चिमाञ्चलमा गोविन्द खनाल ( मेडिटेक अस्पताल), मध्य पश्चिमाञ्चलमा चन्द्रबहादुर महतो-कौशल्या मेमोरियल अस्पताल) र सुदूरपश्चिममा विष्णु प्रसाद सापकोटा (घोडाघोडी अस्पताल) निर्वाचित भएका छन्। साधारणसभाको शुक्रबार स्वास्थ्य मन्त्री गगन थापाले एक कार्यक्रमका बीच उद्घाटन गरेका थिए।

# नेल्टाको नियमित अन्तर्क्रिया

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**

नेपालका अंग्रेजी शिक्षकहरुको पेशागत साझा सँस्था नेल्टाको कास्की शाखामा शनिबार नियमित मासिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। संस्थाका प्रथम उपाध्यक्ष मिनु कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सल्लाहकार रत्नमान गुरुङले अंग्रेजी भाषा शिक्षणमा कक्षा व्यवस्थापन विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

नेल्टा कास्की शाखाले प्रत्येक महिनाको पहिलो शनिबार अंग्रेजी भाषा शिक्षणमा प्रचलित तथा नयाँ प्रवृतिहरु विषयक अंग्रेजी शिक्षकहरु बीचमा विन्ध्यवासिनी मा.वि. बरपाटन स्थित नेल्टा कार्यालयमा अन्तरक्रिया गर्ने गर्दछ। यही मंसिर ४ गते सम्पन्न १५ औं श्रृङ्खलामा मुकेश अधिकारी, राधिका पोखरेल, प्रसुन गुरुङ, रेखा गुरुङ, वामन घिमिरे, योगराज पौडेल, प्रकाश रिजाल, ध्रुव के सी लगायतले प्रस्तुत कार्यपत्रमाथि जिज्ञाशा तथा टिप्पणी प्रस्तुत गरेका थिए भने उठेका जिज्ञाशाहरुको समाधान गर्दै कार्यपत्र प्रस्तोताले अंग्रेजी भाषा शिक्षणमा कक्षा ब्यवस्थापन मा पनि परिवर्तन आएको भन्दै यसको विगतका बारेमा समेत स्पष्ट पारेका थिए।

कार्यक्रममा नेल्टा कास्कीका सल्लाहाकार प्राध्यापक तिर्थराज अर्याल, अमेरिकन दूतावासका प्रतिनिधि स्टेला वास्सन, शिक्षा मन्त्रालययका प्रतिनिधि दामोदर रेग्मीले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेका थिए। संस्थाका कोषाध्यक्ष मुकेश कुमार अधिकारीद्वारा स्वागत मन्तब्य प्रस्तुत गरेको कार्यक्रममा सञ्चालन संस्थाका सचिव तथा कार्यक्रम संयोजक सह-प्राध्यापक नवराज न्यौपानेले गरेका थिए।

# कार दुर्घटनामा २ को मृत्यु

**हेटौंडा ४ मंसिर ।**

काठमाडौँबाट हेटौँडातर्फ आइरहेको बा ३ च ९२८९ नं को कार भीमफेदी-कुलेखानी सडकखण्डको चुरीखेतमा शनिबार बिहान दुर्घटना हुँदा उक्त कारमा सवार दुई जनाको घटनास्थलमै मृत्यु भएको छ। मृत्यु हुनेमा एक पुरुष र एक महिला रहेका छन्। उनीहरुको सनाखत हुन नसकेको इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक वासुदेव थापाले बताए। दुर्घटनामा परी गम्भीर घाइते भएका अन्य तीन जनालाई उपचारका लागि हेटौँडातर्फ पठाइएको प्रहरीले जनाएको छ। तीव्र गतिका कारण कार दुर्घटनामा परेको बताइएको छ। कार सडकबाट करिब ५०० मिटर तल खसेको प्रहरीले जनाएको छ। ससस

# पोखरामा ह्यण्डबल प्रशिक्षण सुरु



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**

विद्यालय ह्याण्डवल संघ कास्कीको आयोजना तथा नेपाल ह्याण्डवल संघको सहयोगमा शनिवारदेखि पोखरामा विद्यालयका शिक्षकका लागि ह्याण्डबल प्रशिक्षण कार्यक्रम सुरु भएको छ। विद्यालयमा ह्याण्डबल खेलको विकास एवम प्रवर्द्धन गर्न 'ह्याण्डबल एट स्कुल' कार्यक्रम अन्तर्गत प्रशिक्षण सुरु गरिएको हो। कार्यक्रमलाई उद्घाटन गर्दै कास्कीका जिल्ला शिक्षा अधिकारी शंकर बहादुर गौतमले अतिरिक्त कृयाकलापका लागि विद्यालयमा खेलकुद महत्वपुर्ण रहे पनि शिक्षक नहुँदा समस्या रहेको बताए।

उनले ह्याण्डबल खेल लोकप्रिय खेलको रुपमा विकास भएकोमा प्रशंसा गर्दै सामुदायिक विद्यालयमा समेत यसको विकासमा ध्यान पुर्‍याउने वताए।

सो अवसरमा नेपाल ह्याण्डबल संघका अध्यक्ष एवं नेपाल ओलोम्पिक कमिटीका अध्यक्ष तेज गुरुङले ह्याण्डबल खेल नेपालमा लोकप्रिय खेलको रुपमा स्थापित भइरहेकोले अव यसलाई विद्यालय तहमा पुर्‍याएर नयाँ खेलाडीहरु उत्पादन गर्ने तर्फ ध्यान केन्द्रित गरिने बताए। 'ह्याण्डबल एट स्कुल' कार्यक्रम ह्याण्डबल खेल विकासका लागि महत्वपूर्ण रहने समेत उनले बताए।

कार्यक्रममा वोल्दै अन्तराष्ट्रिय ह्याण्डबल महासंघ (आइ.एच.एफ) का 'ह्याण्डबल एट स्कुल' कार्यक्रमका प्रशिक्षक एवम हङ्गेरियन ह्याण्डबल महासंघका वरिष्ठ प्रशिक्षक इस्ताभान जुहासले महासंघले नेपाललाई विशेष प्राथमिकतामा राखेर यो प्रोजेक्ट प्रदान गरेको बताए। उनले नेपालको ह्याण्डबल खेलमा भइरहेको विकासको प्रशंसा गर्दै 'ह्याण्डबल एट स्कुल' कार्यक्रमले थप खेलाडी उत्पादन गर्न सहयोग पुग्ने बताए।

विद्यालय ह्याण्डबल संघ कास्कीका अध्यक्ष श्रीकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक अर्जुन प्रसाद अधिकारी, सचिव खिम गुरुङ्ग लगायतले बोलेका थिए। 'ह्याण्डबल एट स्कुल' कार्यक्रममा कास्की, उदयपुर, बागलुङ्ग, रुपन्देही, नवलपरासी, पर्वत र लमजुङ्गका गरि ४० जना सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको सहभागिता रहेको छ।

सशस्त्र प्रहरी कालिका गण मालेपाटनको ह्याण्डबल खेल मैदानमा संचालन भएको उक्त प्रशिक्षणमा अन्तराष्ट्रिय ह्याण्डबल महासंघ (आइ.एच.एफ) का 'ह्याण्डबल एट स्कुल' कार्यक्रमका प्रशिक्षक एवम हङ्गेरियन ह्याण्डबल महासंघका वरिष्ठ प्रशिक्षक इस्ताभान जुहास र राष्ट्रिय खेलकुद परिषदका वरिष्ठ प्रशिक्षक हिमाल राज दाहालले प्रशिक्षण दिनेछन्। प्रशिक्षण मंसिर ७ गतेसम्म संचालन हुनेछ।

# मिलीजुली सहकारीको अध्यक्षमा काफ्ले

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**

मिलीजुली बचत तथा ऋण सहकारी संस्थाको नवौं वार्षिक साधारणसभा तथा पाँचौ अधिवेशनले मीनराज काफ्लेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। चिप्लेढुंगामा कार्यालय रहेको सहकारीको शनिबार भएको अधिवेसनले पुनः काफ्लेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो। कार्यसमिति उपाध्यक्ष विष्णुप्रसाद सुवेदी, सचिव ज्ञानहरि आचार्य, कोषाध्यक्ष युक्तबहादुर सुवेदी र सहसचिव प्रकाश पौडेल रहेका छन्। सदस्यमा लेखनाथ पौडेल, रेवत बज्राचार्य, मधुसुदन कोइराला, उमा पराजुली, लक्ष्मी कुँवर र टीकाराम सुवेदी चयन भए। लेखा समिति संयोजकमा लेखनाथ सोती चयन भएका छन् भने सदस्यमा रामचन्द्र पौडेल र टंकप्रसाद ढकाल चयन भए।

त्यस्तै, दधिराम खनाल संयोजक रहेको ऋण उपसमितिमा सदस्य प्रेमबहादुर गुरुङ छन्। शिक्षा उपसमिति संयोजक संगीता सुवेदी चयन भइन् भने शिक्षा उपसमिति संयोजक गिरीधारी अधिकारी र सदस्य नवराज कोइराला छनोट भए। निर्वाचन समिति संयोजक अधिवक्ता जनकल्याण पराजुली रहेको समितिले निर्वाचन गराएको हो।

यसअघि, कार्यक्रम उद्घाटन प्रमुख अतिथि जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारीले गरेका थिए। संस्थाका अध्यक्ष काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा कास्की बचत संघका अध्यक्ष सुदीप ढकाल, संस्थाका पूर्वअध्यक्ष भागवत नेपाल, कमलनाथ कुँवरलगायत बोलेका थिए। कार्यक्रममा स्वागत उपाध्यक्ष विष्णुप्रसाद सुवेदीले र संचालन सचिव ज्ञानहरि आचार्यले गरेका थिए।

**खुशीको खबर !**



के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोनः०६१-५५०२५२, मो. ९८४६०४१४९२

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# विश्वकै ठूलो थान्का पोखरामा प्रदर्शन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**



विश्वकै ठूलो दावी गरिएको थान्का पोखरामा प्रदर्शनका लागि राखिएको छ । पोखरा रंगशालामा शनिवारबाट सुरु भएको प्रदर्शन आईतवार सम्म चल्नेछ । निशुल्क प्रवेशको ब्यवस्था मिलाइएको प्रदर्शनको पहिलो दिन पोखरेलीहरु थान्का अबलोकनका लागि पुगेका थिए । काठमाडौंमा दुई पटकसम्म प्रदर्शन गरिएको थान्का पोखरामा पहिलो पटक ल्याइएको हो । काठमाडौंमा सन् २०१२ र २०१६ मा प्रदर्शन गरिएको थियो । पोखरामा प्रदर्शनपछि दुई दिने प्रदर्शनकै लागि थान्का लुम्बिनी लैजाने नेपाल बौद्ध धर्म संरक्षण समितिका महासचिव प्रदिपमान श्रेष्ठले जानकारी दिए ।

विश्वकै ठूलो थान्काको रुपमा गिनीज बुकमा नाम लेखाउने प्रक्रियामा रहेको थान्का यसअघि जापान, अमेरिका, मंगोलिया र भारतमा प्रदर्शन गरिसकिएको छ । निर्माताका अनुसार अन्य देशहरुबाट पनि प्रदर्शनका लागि माग भैरहेको छ । यो थान्का मुस्ताङका सूर्यबहादुर थकालीले एक जापानीको सहयोगमा १४ बर्षअघि निर्माण गरेका हुन् । सन् १९९४ बाट निर्माण सुरु गरिएको थान्का सन् २००२ मा निर्माण सम्पन्न भएको थियो । यसको निर्माण कार्य नेपालबाट सुरु भएपनि अधिकांश भाग जापानमा बनेको हो । ७० मिटर लम्वाई र ५० मिटर चौडाईको थान्का निर्माण गर्न ८ बर्ष लागेको थियो । यो निर्माण गर्न १६ राष्ट्रका १० हजार भन्दा बढी स्वंसेवकहरु खटिएका थिए । थान्काको तौल १९०५ केजी छ । थान्काको ८१ वटा टुक्रामध्ये तीन वटा टुक्रा नेपालमै बनेको हो । थान्काको ८१ व्टा टुक्रालाई जोड्नको लागि मात्रै ३ हजार २ सय मिटर जिपर राखिएको छ । यो थान्कामा ७ हजार स्क्वायर फिट कपडा प्रयोग गरिएको छ । यो पेन्टिङ नगरी कपडाको टुक्राबाट निर्मित थान्का हो । यो थान्कामा बुद्ध भगवानको जीवनचक्र उल्लेख गरिएको निर्माता सूर्य बहादुर थकालीले जानकारी दिए ।

प्रदर्शनको बेला मात्रै निकालिने थान्का अन्य समयमा जापानमा भण्डारण गरी राखिन्छ । यसलाई स्थायी रुपमा राख्नको लागि अन्य देशहरुले मागिरहेको भएपनि बुद्ध जन्मस्थल नेपालकै लुम्बिनीमा राख्ने योजनामा रहेको निर्माता थकालीले बताए । लुम्बिनी क्षेत्रमा थान्का राख्नका लागि चार विगाह जमिन माग गरिएको उनले बताए ।

थान्का प्रर्दशनको लागि एक ठाउँबाट अर्को ठाँउमा ढुवानी गर्दा निकै महंगो पर्ने भएकाले समस्या भएको उनले बताएका छन् । पोखरामा प्रदर्शनका लागि जापानबाट ल्याउने क्रममा मात्रै झण्डै ३० लाख रुपैयाँ खर्च भएको उनले सुनाए ।

# १८औं पोखरा सडक महोत्सवको तयारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ मंसिर ।**

रेवान पोखराको आयोजनामा आउँदो पुष १३ देखि १७ गते सम्म लेकसाइडमा हुन लागेको १८ औं पोखरा सडक महोत्सव सफल पार्न विभिन्न उपसमितिहरु गठन गरिएको छ ।

समितिका निवर्तमान अध्यक्ष गोपीबहादुर भट्टराईलाई १८ औं सडक महोत्सवको संयोजक चयन गरिएको छ । त्यसैगरि सह-संयोजकमा उपाध्यक्षद्वय भिमसेन भुजेल र लक्ष्मण बराल रहेका छन् । कार्यालय प्रशासन, मिडिया तथा प्रचार प्रसार समितिको संयोजकमा महासचिव विश्वराज पौडेल र सदस्य गणेश थापा रहेका छन् भने आर्थिक, टिकट व्यवस्थापन समिति संयोजकम योगेश भट्टराई र लक्ष्मण बराल रहेका छन् ।

त्यसैगरि पास र कुपन व्यवस्थापन समितिमा बलराम पहारी र निरञ्जन ढकाल, जन सम्पर्क समितिमा गणेश वहादुर भट्टराई र सूर्यवहादुर भुजेल, महोत्सव अनुगमन तथा व्यवस्थापन समितिमा सुर्य वहादुर भुजेल, गणेश वहादुर भट्टराई, श्रीलाल सुवेदी भरतराज पराजुली, गोविन्द राज पहारी, केदार शर्मा, हरि गैह्रे, पोखरा पर्यटन परिषद, सामुदायिक सेवा केन्द्र, वैदाम, तथा पर्यटन संध सस्थाका अध्यक्षहरु र वैदाम वडा समन्नय समिति अध्यक्षलाई पनि समितिमा राखिएको छ ।

महोत्सव सुरक्षा समितिमा नरेश वहादुर भट्टराई, राजेन्द्र ढकाल, वडा प्रहरी कार्यालय, वैदाम जिल्ला प्रहरी कार्यालय, कास्की रहेका छन् । सांस्कृतिक समितिमा चौं वहादुर गुरुङ्ग, लोक वहादुर गुरुङ्ग र भिमसेन भुजेल खेलकुद समिति संयोजकमा हरि भुजेल, बाटो सजावटमा ज्याक तामाङ्ग, लोक वहादुर गरुङ्ग र दोर्जे लामा रहेका छन् भने स्टल, स्टेज, व्याक ड्रप तथा गेट सजावट समितिमा विष्णु वानियाँ र वलराम पहारी रहेका छन् ।

दोहोरी समितितर्फ भिमसेन भुजेल, दल वहादुर केसी र सालिग्राम पौडेल, चिल्ड्रेन पार्क, वसुन्धरा पार्क स्टलमा निरञ्जन ढकाल र विष्णु वानियाँ, होटल व्यवस्थापन तथा अतिथि सत्कारमा राजेन्द्र ढकाल, ओम पाण्डे र पश्चिमाञ्चल होटल संघ, यातायात पार्किङ तथा स्वयं सेवक समितिमा चिरञ्जिवी पोखरेल, रामु गौतम र कृष्ण श्रेष्ठ रहेका छन् । फोहर मैला व्यवस्थापनमा बलराम गिरी आपतकालिन स्वास्थ्य सेवामा भिष्मराज पौडेल, नविन चालिसे र डा. मान गुरुङ्ग तथा इभेन्ट म्यानेजमेन्टमा वैभव पौडेल, योगेश भट्टराई र सञ्जु सुनार रहेका छन् ।

यसैविच सडक महोत्सव सफल पार्नका लागि रेवान पोखराका विशेष साधारण सभा पनि सम्पन्न भएको छ । साधारणसभाका सहभागिहरुले सबैको सल्लाह सुझाव संकलन गरि यसपटकको महोत्सव भव्य रुपमा सम्पन्न पार्नुपर्नेमा जोड दिएका थिए । रेवान पोखराका अध्यक्ष चौबहादुर गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रम महासचिव विश्वराज पौडेलले सञ्चालन गरेका थिए । संयोजक गोपीबहादुर भट्टराईले कार्यक्रममाथि प्रकाश पारेका थिए ।

# स्वास्थ चौकीका लागि १५ लाखको जग्गा प्रदान

**पर्वत ४ मंसिर ।**

पर्वत जिल्लाको एक विकट गाउँमा स्वास्थ्य चौकीको नयाँ भवन निर्माणका लागि स्थानीयवासीले निःशुल्क जग्गा प्रदान गरेका छन् । पर्वत जिल्लाको बाच्छा गाविसका स्थानीयवासीले स्वास्थ्य चौकीको भवन निर्माणका लागि रु १५ लाख ६० हजार बराबरको जग्गा निःशुल्क प्रदान गरेका हुन् । नेपाल सरकार स्वास्थ्य मन्त्रालयको पुराना उप-स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी सुविधा सम्पन्न स्वास्थ्यचौकी बनाउने लक्ष्य अनुरुप नयाँ बन्न थालेको भवनका लागि स्थानीयवासीले उक्त सहयोग गरेका हुन् । स्वास्थ्य चौकी भवन निर्माण गर्न करिब चार रोपनी जग्गा आवश्यकपर्ने प्रावधान भएका कारण स्थानीयवासीले पाँच रोपनी तीन आना भन्दा बढी जग्गा उपलब्ध गराएका हुन । उक्त गाविसका ९ जना समाजसेवीले स्वास्थ्य चौकीलाई रु १५ लाख ६० हजार मूल्य बराबरको जग्गा निःशुल्क प्रदान गरेको बाच्छा स्वास्थ चौकीका अहेब खिमप्रसाद कोइरालाले जानकारी दिए । बाच्छा गाविस-८ मा बसोवास गर्ने भुवनसिंह, हेमान सिंह, रामप्रसाद गुरुङ, दिलीप गुरुङ, मेख बहादुर गुरुङ, रत्नबहादुर गुरुङ, भिमप्रसाद गुरुङ र वडा-७ का नेत्रबहादुर गुरुङ र रमेश गुरुङले उक्त जग्गा स्वास्थ्य संस्थालाई निःशुल्क प्रदान गरेको अहेब कोइरालाले जानकारी दिए। स्वास्थ्य संस्था जस्तो संवेदनशील क्षेत्रमा आम नागरिकको सहज पहुँच होस् भन्ने हेतुले आफूहरुले स्वास्थ्य चौकीलाई निःशुल्क जग्गा दान गरेको जग्गादाता रामप्रसाद गुरुङले बताए। जग्गा उपलब्ध भए पश्चात् अब बाच्छा स्वास्थ्य चौकीमा सुविधा सम्पन्न भवन निर्माण कार्यका लागि प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।

जिल्लाका विभिन्न गाविसमा स्वास्थ्य चौकीको भवन निर्माण भइसकेको र केही निर्माणाधिन अवस्थामा रहेका छन् । अन्य गाविसमा भवन निर्माण गरिसकिएको र यसवर्ष पनि केही नयाँ भवनका लागि स्वास्थ्य सेवा विभागमा पहल थालिएको पर्वत क्षेत्र नं २ का सांसद विकास लम्सालले जानकारी दिए ।

उक्त जग्गा प्राप्त भएपछि यसै वर्षदेखि रु दुई करोडको लागतमा भवन निमाणकार्य सुरु हुने जिल्ला स्वास्थ्य कार्यालय पर्वतले जनाएको छ । भवन अभावमा अहिले पुरानो र जीर्ण भवनबाट सेवा दिइँदै आएको छ । कच्ची भवन चुहिने र घामभित्र छिर्ने भएकाले औषधिको भण्डारण गर्न तथा बिरामीलाई जाँच गर्न समेत समस्या भएको स्वास्थ्य चौकीले जानकारी दिएको छ । रासस

# मैत्रीपूर्ण फुटवलमा नेपाल विजयी

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ४ मंसिर ।**

नेपालले जापानबाट आएको फुटबल टोली 'फ्रेन्ड्स अफ जापान' लाई १-० गोल अन्तरले पराजित गरेको छ । एन्फा कम्प्लेक्स सातदोबाटोमा शनिबार दिउँसो भएको च्यारिटी खेलमा नेपालका नवयुग श्रेष्ठले गरेको गोल नै निर्णायक बन्न पुग्यो ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) र जापानको गैरसरकारी संस्था कलरबाथको संयुक्त आयोजनामा भएका खेलमा नवयुगले खेलको ५७ औं मिनेटमा गोल गरेका हुन् । जे लिगमा खेल्ने तथा विश्वभर व्यावसायिक फुटबल खेल्ने जापानी खेलाडी सहभागि रहेको प्रतियोगितामा नेपालले प्रभावशाली जित दर्ता गरेको हो । नेपाल र जापानबीचको खेल हेर्न एम्फा कम्प्लेक्स नेपाली दर्शकले भरीभराउ भएका थिए । उनीहरुले खेल अवधिभर नेपाली टोलीको हौसला बढाउने काम गरेका थिए ।

नेपाल-जापान कूटनीतिक सम्बन्ध ६० औं वर्षमा प्रवेश गरेका अवसरमा उक्त 'च्यारिटी' फुटबल खेल भएको हो ।

खेलको ५७ औं मिनेटमा नवयुग श्रेष्ठले नेपालको लागि गोल गरेका हुन् । नवयुगको प्रहारअघि जापानी गोल पोस्टमा विमल घर्तीले दिएको पास विक्रम लामाले प्रहार गरे । तर, जापानी गोल रक्षकले बल नियन्त्रणमा लिन नसक्दा फत्कियो । सोहि मौकाको सदुपयोग गर्दै नवयुगले गोल हाने ।

केहि दिनअघि मात्रै मलेसियामा भएको सोलिडारिटी कपमा नेपालले उपाधि हात पारेको थियो ।

# राज्यसत्ता रूपान्तरण नहुञ्जेल जनउत्तरदायी हुन सक्दैन

**उपेन्द्र झा**

नेपाली राज्यसत्ताले मधेशलाई औपनिवेशिक शोषण गरेको मान्दैन । मधेशलाई राज्यसत्ताले औपनिवेशिक शोषण गरेको मधेशको ठहर छ । यो शोषणबाट मुक्ति पाउन वर्गीय राज्यसत्ताको विरूद्ध मधेशले संघर्ष शुरू गरेको छ । संघर्षको उँचाईले वर्गीय राज्यसत्तालाई झुक्न बाध्य गऱ्यो र संघीय लोकतान्त्रिक गणतन्त्र सर्वमान्य बन्यो । बाध्यात्मक अवस्थामा स्वीकार गरेको मधेको माँग वर्गीयसत्ताको अस्तित्वसंग जोडेर परिभाषा गर्ने शासकवर्गले यसबाट कसरी मुक्ति पाउने भनेर सामूहिक रणनीति बनायो । समग्र मधेशको एक प्रदेश बनाउने अवधारणा विपरित शीर्ष दलहरू संविधान सभाको स्थापनाकालदेखि नै रणनीतिक योजनाहरू बनाउन थाल्यो । ८ वर्ष लगाएर भएपनि शीर्ष दलहरू मधेशलाई निस्तेज पार्न सफल भयो ।

आखिरमा सबैलाई चित्त बुझाउन र एमाले संघीयताको विरोधमा नरहेको भनेर मधेशलाई ८ जिल्लाको लंगडो प्रदेश दिएर के.पी. ओलीको सरकारले संविधान जारी गऱ्यो । मधेशलाई यो संविधान मान्य भएन र मधेश संविधान घोषणाको विरोधमा आन्दोलन थाल्यो । नेपाललाई संघीय संरचनामा लैजाने विचार एमालेको कहिल्यै रहेन । अहिले पनि छैन । लंगडो प्रदेश दिएर मधेशलाई आन्दोलनमा लैजाने र संविधान कार्यान्वयन हुन नदिने दोष मधेशमाथि थुपारेर राजनीतिलाई अर्कै दिशातिर मोड्ने कुत्सित मनसाय लिएको एमाले त्यसपछि शिथिल जस्तै हुन लागेको आन्दोलनलाई चर्काउन मधेशीलाई तथानाम गाली गरेर उत्तेजित पार्न शुरू गऱ्यो ।

अभद्र वाक्याँश प्रयोग गरेर मधेशीलाई अपमानित गर्ने एमालेको आन्दोलन चर्काउने रणनीति नै थियो । मधेशीप्रति एमालेको व्यवहारले त्यो पार्टीलाई मधेश विरोधीको रूपमा स्थापित गऱ्यो । ओली सरकारको व्यवहारले मधेश मात्र असन्तुष्ट थिएन, भारत, अमेरिका लगायतका देशहरू पनि यो सरकारको विरोधमा देखिएको थियो । चीनसंगको एकलौटी सम्बन्ध बनाउने ओली सरकारको अलोकतान्त्रिक क्रियाकलापबाट लोकतान्त्रिक शक्तिहरू सशंकित भए । अमेरिकाले संविधान घोषणालाई मानेर पनि विरोधमा देखियो । भारतले त मान्यता नै दिएन । समग्र रूपमा यो अलोकप्रिय सरकारको औचित्यमाथि प्रश्न खडा हुन थाल्यो र एमाले सरकारको शर्मनाक अन्त भयो ।

प्रचण्ड आफनो नेतृत्वमा सरकार बनाउने दावा पेश गर्दा देशको परिस्थितिले समर्थन गऱ्यो र प्रचण्ड सरकार बनाउन सफल भयो । मधेशको मुद्दा सम्बोधन गराउने प्रतिबद्धता जाहेर गरेपछि प्रचण्डले मधेशको समर्थन पायो । मधेशप्रति ओलीको व्यवहारले पनि मधेशीलाई विकल्पको समर्थन गर्न बाध्य बनाई रहेको थियो । प्रचण्डले आफनो पदभार ग्रहण गर्दा पहिलो कार्य मधेश मुद्दाको सम्बोधन गर्ने भन्ने जाहेर गरेको प्रतिबद्धता मिथ्या साबित भएको छ ।

कार्य व्यस्तताका अनेक कारणहरू देखाई मधेश मुद्दाबाट मुक्ति पाउन प्रचण्ड लागि परेका छन् । मधेशप्रति ओलीको प्रत्यक्ष पहिचान भई सकेपछि अब प्रचण्डको पालो आएको छ । तीनै दलको शासकीय प्रवृतिले अन्तर्विरोधलाई चर्काउने काम गरेको छ । परम्परागत रूपमा रहेको शासक र शासित सामाजिक संरचनालाई यथावत् मान्न तयार नरहेको मधेश सबैका लागि अपाच्य बनेको छ । मधेशलाई नीतिगत र व्यवहारत: स्वीकार गर्ने मानसिकतामा रूपान्तरण भई नसकेको अवस्थामा मधेशको संघर्ष चर्को रूपमा सतहमा आएको छ । मधेशको बढ्दो ताकत, मधेशमा रहेको समस्या र देशको थुनिएको विकासका योजनाहरूले मधेशको भूमिकालाई आमन्त्रण गरि रहेको अवस्था छ । मधेशको राज्यतिरको बढ्दो कदमलाई रोक्ने प्रयासमा रहेको शासकवर्गको षडयन्त्रले देशमा अनेक समस्यालाई जन्माई दिएको छ । ०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सतहमा आएका समस्याहरूलाई नजर अन्दाज गर्दै साजिश कै भरमा शासनलाई लम्ब्याउँदै आएका राज्य संचालक शक्तिहरूले २७ वर्षसम्म देशलाई द्वन्द्व मुक्त गर्न सकेको छैन । तर शासनमा पालैपालो तीन दलले अवसर भने गुमाएको छैन । देशमा रहेको अस्थिरतामा नै आफनो भविष्य देख्ने शीर्ष तीन दलहरू समस्या समाधानलाई कहिल्यै आफनो एजेण्डा बनाएन । आन्दोलनरत दलहरूसंग गरिएका सम्झौताका बून्दाहरू एक दशकदेखि कार्यान्वयनको प्रतीक्षामा रहेको यसका ज्वलन्त उदाहरण हुन् ।

मधेशले माँग गरेको संघीयता शासकवर्गका लागि ठूलो समस्या बन्यो । संविधान सभाको अवधिभर यसको नकारात्मक बहस छलफल चलाएर विरूद्धमा ठूलो जन समर्थन प्राप्त गऱ्यो । मधेशलाई स्वीकार नहुने किसिमको संघीय संरचना दिएर नयाँ खाले द्वन्द्वको सृजना गरि दिएको छ । विगतका दिनमा नीतिगत तथा व्यवहारमा मधेशसंग भेदभाव राख्ने शीर्ष दलहरू मधेशको माँगलाई सम्बोधन नगर्ने पक्षमा नै देखिएका छन् । मधेशको मुद्दा विषयको संशोधन प्रस्ताव दर्ता गर्ने आश्वासन पनि तुहिन थालिएको छ । संशोधन प्रस्ताव दर्ता भएपनि यो पास हुन नसक्ने अवस्था छ । मधेश आन्दोलनका लागि एउटा नजिर प्रमाणको रूपमा रहने संशोधन प्रस्ताव दर्ताका लागि मधेशका दलहरू दबाव दिई रहेको स्वाभाविकै हो । संशोधन प्रस्ताव दर्ताबाहेक यसले कुनै परिणाम दिन सक्दैन ।

काँग्रेससंगै प्रचण्डले मधेशको मुद्दा सम्बोधन गर्ने भरोसा दिलाए पनि सो विषयमा एक पाइला अगाडि सार्न कठीन भई रहेको अवस्थामा अब प्रचण्डको नियतमाथि प्रश्न उठ्न थालेको छ । नेपाली राजनीतिमा यति स्तरहीन सोचले देशको हित गर्ला ? छल, कपट, जाल, फरेब, धोखा राजनीतिका आवश्यक गुण भई सकेको छ । जन अपेक्षा पूरा गर्ने ईमान्दारिता अब भने नेपाली राजनीतिमा कल्पना गर्न सकिंदैन । नेपाली जनताबाट आलोचित भई रहने शीर्ष दलका नेताहरू अझ पनि सचेत हुन सकि रहेको छैन । विकृतावस्थामा राजनीतिलाई पुऱ्याए पछि यसको स्वच्छता खोज्नु मूर्खको काम हो ।

राजनीतिको स्वच्छता वा विकृत रूप यसका संचालकका चरित्र अनुसार पाएको हुन्छ । उसले के चाहेको छ त्यस अनुसार राजनीतिको आकृति बन्छ ।

शासकीय चाहनालाई शक्तिशाली बनाउन यहाँका लोकतन्त्र प्रयोग भएको छ । जनचाहनालाई यसले सम्बोधन गर्न सक्दैन । शासकीय पञ्जाबाट यो मुक्त हुन सक्दैन । राज्यसत्ताको रूपान्तरण नहुञ्जेल यो जन उत्तरदायी हुन सक्दैन । जनताले लोकतन्त्रलाई अनुभूत गर्न नसकेको यही कारण हो । विवादबीचका राजनीतिको कुनै भविष्य छैन । अहिले राम्रो देखिए पनि यसको अन्त विभत्स हुने कुरामा कुनै शंका छैन । विगतमा यस्ता थुप्रै घटनाहरू छन् जसले शासकहरूको शर्मनाक अन्त गरि दिएको छ । परिवर्तनलाई अवरूद्ध गर्नेहरू सबै विलीन भएको प्रशस्त उदाहरणहरू इतिहासमा मौजूद छन् ।

नेपाली राजनीतिमा हराई सकेको मधेशको मुद्दालाई खोजेर पुनश्च सतहमा ल्याउन आवश्यक रहेको देखिन्छ । मधेशलाई ठेलेर, पेलेर अपमानजनक रूपमा जसरी पछाडि धकेल्ने काम गरियो त्यो भने भेदभावको चरम रूप हो । यस्तो अवस्थामा द्वन्द्वबाहेक मधेशबाट सद्भावको आश गर्न सकिन्न । अहिलेसम्मको व्यवहारले के देखायो भने मधेशले लिने संघीयता लडेरै लिनु पर्छ ।

एक दशकमा जहाँ राज्य प्रलोभन र षडयन्त्रको भरमा मधेशलाई पन्छाउने काम गऱ्यो, उहीं मधेशका दलहरूले स्वार्थलिप्सामा लागेर आलोचित बन्नु पऱ्यो । असन्तुष्टताको धरातलमा फेरि पनि आन्दोलनको तयारी गर्नुको विकल्प छैन । मधेशका आन्दोलनहरू, सम्झौताहरूलाई रद्दीको टोकरीमा फ्याँकेर एकप्रकारले मधेशलाई चुनौती नै दिएको छ । बडो चालाकी र साजिशपूर्ण तरिकाले मधेशको आन्दोलनलाई निस्तेज पारि मधेशलाई किंकर्त्तव्यविमुढको अवस्थामा राखि दिएको छ ।

मधेशका दलहरूमा व्यक्तिगत स्वार्थ, उच्च महत्वाकाँक्षा, त्याग र सहिष्णुताको अभाव, भावनात्मक सहकार्यको कमी, शत्रु र मित्रको पहिचानको कमी आदि कारणले आन्दोलन संगठित हुन नसक्ने, कमजोर हुने र परिणाममुखी हुन नसक्ने यथार्थ सोचनीय बनेको छ । आन्दोलनको विकल्प पनि छैन । राजनीति गर्ने मधेशका दलहरूको लागि संगठित आन्दोलनको तयारी आवश्यक छ । मधेशी जनतासंग आलोचित रहेका नेतागणहरूले कमी कमजोरीलाई हटाएर सशक्त आन्दोलनको तयारी गर्नै पर्ने बाध्यता आई परेको छ । विभिन्न बाधा, व्यवधान रहेपनि मधेश राज्यबाट पीडित रहेकोले पुनश्च संगठित भई आन्दोलनमा आउने उदाहरण दिई सकेको छ । भावनात्मक रूपमा आन्दोलनमा होमिने मधेशको व्यथा रहेकोले आन्दोलनको तयारी गर्न त्यति कठीन भने हुँदैन । सवाल यसको संचालन र सहज अवतरणको हो । विगतमा देखिएका संचालनका त्रुटिहरू हटाउन मधेशका पार्टीहरूको पारस्परिक भावनात्मक सम्बन्ध हुन जरूरी छ । आफूलाई छोडेर अरूसंग हातेमालो गर्नु मधेश आन्दोलनलाई कमजोर पार्नु हो । मोर्चा र संघीय गठबन्धनको एकजूटता आवश्यक रहेको कुरालाई सहनशीलताको धरातलबाट हेर्नु पर्दछ । मधेशी दलहरूमा एकरूपता आउन नदिने चरम महत्वाकाँक्षा हो । यसैले विगतको मधेश आन्दोलनलाई कमजोर पारि स्थगित समेत गरेको थियो । त्यस्ता गल्तीहरू नदोहोऱ्याउन परिमार्जित रणनीति बनाउनु पर्दछ । (मधेश दर्पण फिचर सेवा)

Study in Japan
Czech Republic
USA, Australia, Norway
❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
❖SLC passed can apply .
April Intake
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .
Now Running IELTS, JLPT Classess
ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

कर्मचारी चाहियो
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।
पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

के तपाईमा यौनसम्बन्धी समस्या छ ?
**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा